बार्षिक विकास कार्यक्रम

आ.व. २०७७/७८ को लागी

बार्षिक नीति तथा कार्यक्रम र बजेट

आर्थिक ऐन, २०७७ तथा विनियोजन ऐन, २०७७

बौदीकाली गाउँपालिका

डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

www.baudikalimun.gov.np

बार्षिक विकास कार्यक्रम

आ.व. २०७७/७८ को लागी

बार्षिक नीति तथा कार्यक्रम र बजेट

आर्थिक ऐन, २०७७ तथा विनियोजन ऐन, २०७७

बौदीकाली गाउँपालिका

डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

www.baudikalimun.gov.np

बौदीकाली गाउँपालिका
गण्डकी प्रदेश , नवलपुर

कुल जनसंख्या: १५,७३४
कुल क्षेत्रफल :९१.९ वर्ग कि.मि

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी(ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

अध्यक्षको कलमबाट

नेपाली जनताको निरन्तर संघर्ष र बलिदानवाट हासिल भएको गणतन्त्र र संघीयताको मुल मर्म अनुसार स्थानीय तहहरु गठनसंगै सर्वसाधारणको असिमित आकाङ्क्षाहरु स्थानीय सरकार प्रति हुनु स्वभाविक हो, ति आकाङ्क्षाहरु पुरा गर्ने यात्रामा हामी छौं ।हाम्रो यस यात्रामा सबै बौदीकालीवासीहरुको गत बर्षहरुमा जस्तै चालु आर्थिक बर्षमा पनि साथ र सहयोग हुनेछ भन्ने मेरो विश्वास रहेको छ ।

नेपालको संविधान, स्थानीय सरकार सँचालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सहभागितात्मक प्रक्रियावाट भौगोलिक रुपमा अत्यन्तै विविधताले भरिपुर्ण, बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक विशेषतायुक्त बौदीकाली गाउँपालिकाले सामाजिक सदभाव, साँस्कृतिक सहअस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसँस्कृत समाज निर्माण गर्दै समाजमा बिद्यामान सामाजिक कुरीति, विसङ्गती तथा विकृतिहरुको न्युनीकरण गर्दै समाजमा विद्यमान सबै प्रकारका विभेद, बञ्चितिकरण र असहिष्णुता, असमानताको अन्त्य गर्दै गाउँपालिकाको सन्तुलित विकास हासिल गर्नुका साथै कोभिड १९ माथि विजय प्राप्त गर्ने प्रमुख नीति अबलम्वन गरि बार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गरि पाँचौ गाउँसभावाट स्वीकृत भएको छ । यसको कार्यान्वयनवाट गाउँपालिकाको समृद्धिको यात्रामा सघाउ पुग्ने विश्वास लिएको छु ।

राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, सङ्घीयता, जनजीविका, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेताहरू, नागरिक समाज, सञ्चार जगत र सहभागी जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै बधाई र धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी बौदीकालीको समृद्धिको लागि हरदम चिन्तन र मनन गरिरहने, गाउँपालिकालाई सहयोग, सल्लाह र सुझाव दिनुहुने राजनीतिक दल, समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवि, कर्मचारी तथा सम्पूर्ण बौदीकालीवासी प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

अन्त्यमा, पाँचौ गाउँसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण गाउँ सभासद ज्यूहरु, कर्मचारी साथीहरु, सञ्चारकर्मी ज्यूहरु साथै बौदीकाली वासी आमाबुबा, दाजुभाई दिदिबहिनिहरुप्रति हार्दिक धन्यवाद ब्यक्त गर्दै बार्षिक विकास कार्यक्रमको सफल कार्यान्वयनमा जुट्न सबैलाई आव्हान गर्दछु ।

दुर्गा बहादुर राना
अध्यक्ष

उपाध्यक्षको कलमबाट

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगका कारण विश्वले एकैपटक मानवीय र आर्थिक संकट सामना गर्नुपरेको छ । नेपाल पनि स्वभाविक रुपमा यसबाट प्रभावित भएको छ । यसले निम्त्याउने अर्थतन्त्र सँकुचनको मारले पर्ने असर त छदैछ कोरोनाबाट बौदीकालीवासीहरुको जीवन रक्षा गर्ने र विकाशलाई गतिशिल बनाउने गहन जिम्मेवारीका साथ बार्षिक कार्यक्रम तयार गरिएको छ ।यसको कार्यान्वयनमा सबै बौदीकालीवासीको साथ र सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

बार्षिक कार्यक्रम तर्जुमा र तयारी गर्दा सँघीय सरकार र गण्डकी प्रदेश सरकारको बार्षिक बजेटसँग अधिकतम तादम्यता मिल्ने गरी, नेपालको सँविधानको अनुसुची बमोजिम स्थानीय तहको अधिकारसुची, सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकारको भुमिका र सँचालित विकास आयोजनाको कार्यान्वयनको अवस्था समेतलाई ध्यानमा राखी अनुत्पादक तथा अनावश्यक क्षेत्रहरुमा खर्च कटौती गर्ने, पुंजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययीता तथा नियमितता कायम हुने गरी बजेट स्वीकृत भएको हुनाले पक्कैपनि उत्पादनमुलक हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, पाँचौ गाउँसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण गाउँ सभासद ज्यूहरु, कर्मचारी साथीहरु, सञ्चारकर्मी ज्यूहरु साथै बौदीकाली वासी आमाबुबा, दाजुभाई दिदिबहिनिहरुप्रति हार्दिक धन्यवाद ब्यक्त गर्दै बार्षिक विकास कार्यक्रमको सफल कार्यान्वयमा जुट्न सबैलाई आव्हान गर्दछु ।

.....
मायादेवी श्रेष्ठ
उपाध्यक्ष

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी(ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृतको कलमबाट

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेको छ। यस संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्र तोकेको छ।जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसाथ गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने अवधारण सहित देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्दीको आकाङ्क्षालाई पुरा गरी समृद्ध राष्ट्र निर्माण गर्न गाउँपालिकालाई आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा आर्थिक, सामाजिक, सांस्कृतिक, पूर्वाधार लगायत समष्टिगत विकासका लागि योजना बनाई लागू गर्ने जिम्मेवारी वर्तमान संविधान तथा स्थानीय सरकार सँचालन ऐन, २०७४ लगायतका कानुनले प्रदान गरेको छ।यसै सन्दर्भमा कानुनले निर्दिष्ट गरेका चरण तथा प्रक्रियाहरु पुरा गरी अधिकारक्षेत्र भित्रका विषयहरुलाई समेटेर आर्थिक बर्ष २०७७/७८ को लागि बार्षिक विकास कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गरेका छौ ।

बार्षिक नीति तथा कार्यक्रमहरुलाई बस्तुपरक र नतिजामुखी बनाउन जनप्रतिनिधिहरुले गर्नुभएको प्रयत्न प्रंशसायोग्य छ । यसको सफल कार्यान्वयनवाट गाउँपालिकाको समृद्धिको यात्रामा पक्कै पनि सघाउ पुग्नेछ । जनताको नजिकको सरकार भएको कारणले पनि स्थानीय तहहरुले गुणस्तरीय सार्वजनिक सेवा सहज र सरल प्रकियावाट उपलब्ध गराउनु पर्ने हुन्छ, त्यसका लागि बौदीकाली गाउँपालिका हरदम प्रयासरत छ । यसै गरी वित्तिय पारदर्शिता र उत्तरदायित्व प्रबर्द्धनमा समेत त्यत्तिकै संवेदनशिल रहेका छौ ।साथै यो नीति तथा कार्यक्रम र बजेटले कोभिड १९ लगायतका महामारी तथा विपदमाथी विजय प्राप्त गर्ने दिशामा सफलता प्राप्त हुने विश्वास लिईएको छ ।

गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट बनाउनको लागि महत्वपुर्ण सुझाव उपलब्ध गराउनुहुने प्रतिनिधि सभा सदस्य माननीय तिलक महत, गण्डकी प्रदेश सभा सदस्य माननीय बिष्णु लामिछाने, गाउँपालिका भित्र क्रियाशिल राजनीतिक दलका प्रमुख/प्रतिनिधि, सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, कर्मचारी साथीहरु, सञ्चारकर्मी ज्यूहरु, सुरक्षाकर्मी ज्यूहरु लगायत सम्पूर्ण बौदीकालीवासी प्रति कृतज्ञ छौ । यसको कार्यान्वयनमा पनि यस्तै सहयोग, सहकार्य, समन्वय र सुझावको अपेक्षा गाउँकार्यपालिकाको कार्यालयले गरेको छ ।

प्रदिप चन्द्र सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

बौदीकाली गाउँपालिकाको परिचय

गाउँपालिकाको नाम : बौदीकाली गाउँपालिका
स्थापना वर्ष : वि.सं. २०७३
प्रदेश : गण्डकी प्रदेश
जिल्ला : नवलपुर
वडा संख्या : ६
जनसंख्या : १५,७३४ (जनगणना २०६८ अनुसार)
महिला - ८७४४
पुरुष - ६९९०
घर संख्या : २९९८
क्षेत्रफल : ९१.९ वर्ग किलोमिटर
भौगोलिक अवस्थिति : ८४°२" देखि ८४°७" पूर्वी देशान्तर र २४°४९" देखि २७°५४" उत्तरी अक्षांश ।
गाउँपालिकाको सिमाना : पूर्व बुलिङटार, दक्षिण हुप्सेकोट गाउँपालिका पर्दछ भने पश्चिम पाल्पा र उत्तरमा तनहुँ जिल्ला पर्दछ ।
महत्वपुर्ण बजार : खहरे, डेढगाउँ, मचेडि, भुलाड
प्रमुख जाती मगर,कामी, दमाई, क्षेत्री, बाहुन, नेवार, दराई, सार्की, गुरुङ्ग, घर्ती, ठकुरी, कुँवर, भाट र कुमाल।
पर्यटकीय क्षेत्र : डेढगाउँ देवीस्थान (अकलादेवी), बालीघाट बाल्मिकी आश्रम, रकुवाको बाँझोबारी जनक आश्रम, ओटाङ, कोटथर दुर्गाभवानी, गुरुङ होम स्टे, दराई सामुदायिक होम स्टे, बौद्ध गुम्बा नरम आदि ।
चाडपर्व : साउने सक्रान्ती, नागपञ्चमी, जनैपुर्णिमा, कृष्ण जन्माष्टमी, हरितालीका तिज, बडादशैँ, दिपावली (तिहार), पन्ध्र पुष, माघेसक्रान्ती, चैते दशैँ (रामनवमी), गुजेरी पूर्णिमा, नववर्ष, संक्रान्ती चन्डी पूर्णिमा (बुद्धजयन्ती) आदि ।
विद्यालय संख्या : ३६
संस्थागत विद्यालय : २
सामुदायिक विद्यालय संख्या : ३४
प्रमुख खोला नदीहरु : काली गण्डकी, बौदी खोला ।

विषयसुची

१. नीति तथा कार्यक्रम
२. बजेट बक्तव्य
३. आय व्ययको अनुमान
४. स्वीकृत बजेट तथा कार्यक्रमहरु
५. आर्थिक ऐन २०७७

आर्थिक बर्ष २०७७/७८

को

नीति तथा कार्यक्रम

बौदीकाली गाउँपालिका

डेढगाउँ, नवलपरासी(बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

२०७६

बौदीकाली गाउँपालिकाको पाँचौ गाउँ सभामा २०७७ असार १० गते
गाउँपालिका अध्यक्ष श्री दुर्गा बहादुर रानाले प्रस्तुत गर्नुभएको

आर्थिक बर्ष २०७७/७८ को नीति तथा कार्यक्रम

बौदीकाली गाउँपालिका

डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

२०७७

www.baudikalimun.gov.np

www.facebook.com/hellobaudikali

आदरणिय गाउँसभा अध्यक्ष ज्यु,
सम्पुर्ण गाउँसभा सदस्य ज्युहरु,

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस रोग (कोभिड १९) को संङ्कटको यस घडिमा गरिमामय सभा समक्ष म आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्नको लागि यहाँ उपस्थित भएको छ । कोभिड १९ को रोकथाम तथा प्रतिकार्यमा खटिनुहुने सम्पुर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि तथा कर्मचारी र सबैको उच्च प्रंशसा गर्न चाहन्छु । बौदीकाली गाउँपालिकाको प्रथम निर्वाचित गाउँपालिका अध्यक्षको हैसियतले यस सम्मानित गाउँसभा समक्ष आगामी आर्थिक बर्ष २०७७/७८ को लागि बौदीकाली गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा अत्यन्तै गौरव महसुस गरेको छु ।

२. सँघीय लोकतान्त्रिक गणतन्त्रात्मक समाजवाद उन्मुख शासन व्यवस्था स्थापना गर्न तथा राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै शहीद, वेपत्ता तथा घाईते परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, सङ्घीयता, जनजीविका, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेताहरू, नागरिक समाज, सञ्चार जगत र सहभागी जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै बधाई र धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी बौदीकालीको समृद्धिको लागि हरदम चिन्तन र मनन गरिरहने, गाउँपालिकालाई सहयोग, सल्लाह र सुझाव दिनुहुने राजनीतिक दल, समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवि, कर्मचारी तथा सम्पुर्ण बौदीकालीवासी प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

३. भौगोलिक रुपमा अत्यन्तै विविधताले भरिपुर्ण, बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक विशेषतायुक्त बौदीकाली गाउँपालिकाले सामाजिक सदभाव, साँस्कृतिक सहअस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसँस्कृत समाज निर्माण गर्दै समाजमा बिद्यामान सामाजिक कुरीति, विसङ्गती तथा विकृतिहरुको न्युनीकरण गर्दै समाजमा विद्यमान सबै प्रकारका विभेद, बञ्चितिकरण र असहिष्णुता, असमानताको अन्त्य गर्दै गाउँपालिकाको सन्तुलित विकास हासिल गर्नुका साथै कोभिड १९ माथि विजय प्राप्त गर्ने प्रमुख नीति अबलम्वन गरिनेछ ।

अव म आगामी आर्थिक बर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु-

४. **सोचः**

- खानेपानी, कृषी, पर्यटन र पुर्वाधार क्षेत्रको दीगो विकास मार्फत आत्मनिर्भर र विकसित गाउँपालिका निर्माण गर्ने ।

५. **लक्ष्यः**

- आर्थिक बर्ष २०७७/७८ मा सामाजिक न्याय र समानुपातिक विकास सहितको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको नमुना गाउँपालिकाको रुपमा विकास गर्ने ।

६. उद्धेश्यः

- कोभिड १९ लगायतका महामारी ब्यबस्थापन गरी गाउँपालिकावासीहरुलाई सुरक्षित गराउने।
- विकासका पुर्वाधारहरुको विस्तार र पहुँच वस्तीस्तरसम्म वृद्धि गरी विकासका अवसरहरुलाई पर्याप्त उपयोग गर्ने अवस्थाको सुनिश्चितता गर्ने ।
- समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत गाउँपालिका भित्रका विभिन्न वर्ग, क्षेत्र, लिँग, सम्प्रदाय, जातजातीको सार्वजनिक श्रोत साधनमा पहुँच अभिबृद्धि गर्ने ।
- उत्पादनमुलक क्षेत्रमा व्यवसायिकता र उद्यमशीलताको विकास एवँ सामाजिक परिचालन मार्फत कृषी क्षेत्रलाई गतिशिल बनाई गरिवि न्युनीकरण गर्ने ।
- विकासको दृष्टिले पछाडी परेका वडाहरुमा प्राथमिकताका साथ विकास कार्यक्रमहरु पुर्याई जनताको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहयोग पुर्याउने ।
- शुद्ध खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धि चेतनाको स्तरोन्नती गरि राष्ट्रकै दीर्घकालिन लक्ष्य प्राप्तीमा टेवा पुर्याउने ।
- विकास कार्यक्रम तथा आयोजनाहरु सँचालन गर्दा सरोकारवालाहरु विच समन्वय गर्दै जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व बढाई सुशासनको प्रत्याभुती दिने ।
- समृद्ध र श्रोत सम्पन्न गाउँपालिकाको रुपमा विकास गर्ने ।

<u>अपेक्षित उपलब्धीः</u>

७. आगामी आर्थिक बर्ष २०७७/७८ मा निम्नानुसारका उपलब्धिहरु हासिल हुनेछन-

- कोरोना जस्ता प्राकृतिक प्रकोप तथा महामारीको सामाना गर्ने सँस्थागत क्षमता बढनेछ ।
- कृषी तथा पशु क्षेत्रमा ब्यबसायिकरणको शुरुवात हुनेछ ।
- आधारभुत स्वास्थ्य सेवाको गुणस्तर बृद्धि हुनेछ ।
- आर्थिक तथा सामाजिक रुपमा जनताको जीवनस्तरले सुधारको गती लिनेछ ।
- All weather Roads को अवधारणा कार्यान्वयन हुनेछ ।
- गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुको प्रत्येक कार्यको वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन हुनेछ ।
- लैङ्गिक समानता, समावेशीकरण तथा वातावरण सँरक्षणमा टेवा पुग्नेछ ।
- शैक्षिक विकासको आधार तयार हुनेछ ।
- पुर्वाधारका हिसावले सुविधासम्पन्न सँरचनाहरु निर्माण सुरुवात हुनेछन ।
- गाउँपालिकाको प्रशासनिक भवन निर्माण शुरु हुनेछ ।

प्रमुख नीति तथा कार्यक्रमहरु

अव म आगामी आर्थिक बर्षको लागि प्रमुख नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८. **समग्र नीति तथा कार्यक्रमहरुः**

- प्राकृतिक प्रकोप, कोभिड १९ लगायतका महामारी जस्ता विषम परिस्थितिवाट गाउँपालिकावासीहरु को रक्षा गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- **कृषी मुलश्च धनमः** भन्ने मुलमन्त्रलाई दृष्टिगत गरी कृषि, तरकारी खेती, फलफूल खेती तथा पशुपालन मार्फत रोजगारी श्रृजना गरी गरिवी न्युनीकरणमा टेवा पुर्याउने नीति लिईनेछ ।
- यस गाउँपालिकामा समावेश भई आधारभुत विकास पूर्वाधार न्यून रहेका वडाहरूमा विकासका विशेष कार्यक्रमहरू सञ्चालन गरी सवै वडाहरूलाई समानस्तरमा पुर्याउदै सवै बौदीकाली बासीहरुलाई **समृद्ध बौदीकालीको गौरवशाली नागरिक**को अनुभूति दिलाइनेछ।
- गाउँपालिकाबासीहरुलाई सुशासनको अनुभुति दिई राष्ट्रिय रुपमै पहिचान कायम गर्न भ्रष्टाचारमुक्त राजनीति र कर्मचारी प्रशासन एवं जनताप्रति जिम्मेवार जनप्रतिनिधि वनाउन भ्रष्टाचारविरूद्ध शून्य सहनशील हुनुका साथै **भ्रष्टाचारः हामीलाई छैन स्वीकार**को नीति अवलम्बन गरिनेछ तथा कठोर रुपमा कार्यान्वयन गरिनेछ ।
- **योजनाबद्ध प्रयास नै समृद्धि हासिल गर्ने माध्यम** भएकोले एकीकृत र दीर्घकालिन विकासको निम्ति आवधिक पञ्चबर्षीय योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।
- धार्मिक, साँस्कृतिक र प्राकृतिक सम्पदाको विकास तथा प्रवर्द्दन गरी पर्यटकिय गाउँपालिकाको रुपमा विकास गरी **अतिथि देवो भवः** लाई कार्यान्वयनमा लैजाने नीति अवलम्बन गरिनेछ ।
- लैगिँक समानता र सामाजिक समावेशीकरण मार्फत **सामाजिक न्यायः गाउँपालिकाको पर्याय**लाई स्थापित गरिनेछ ।
- सार्वजनिक सम्पत्तिको सँरक्षण र प्रवर्द्धन गर्नुका साथै त्यस्ता क्षेत्रहरुको विकासमा जोड दिईनेछ ।
- स्वास्थ्य, सरसफाई र वातावरण सँरक्षणमा विशेष जोड दिई त्यस क्षेत्रमा अग्रणी गाउँपालिकाको परिचय दिने नीति अवलम्बन गरिनेछ ।
- सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत निजी क्षेत्र, दातृ निकाय, गैससको सहभागिताको लागि प्रोत्साहन गरी उनीहरुको समेत लागत सहभागिता सुनिश्चित गरी कार्यक्रम सँचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- **All Weather Roads** गाउँपालिकाको प्राथमिकतामा रहनेछ ।

क्षेत्रगत नीति तथा कार्यक्रमहरु

आदरणीय सभाध्यक्ष ज्यु,

अव म क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरु

९. कृषी तथा पशु विकासः

- कोरोनाको कारण रोजगारी गुमेका तथा विदेशवाट फर्किएका युवाहरुको मागको आधारमा कृषी कार्यक्रम गर्न Start Up गर्ने निति लिईनेछ ।
- गाउँपालिका भित्रको सम्पुर्ण कृषीयोग्य भुमिको पुर्ण उपयोग गरेर कम्तीमा गाउँपालिका भित्रका सबै नागरिकलाई खान पुग्ने गरी उत्पादन वृद्धि गरिनेछ । भूमिको वर्गीकरण गरिनेछ । निजी तथा सरकारी कृषीयोग्य भूमिलाई बाँझो नराख्ने नीति लिईनेछ ।
- भौगोलिक तथा वातावरणिय सम्भाव्यता अध्ययन गरेर बौदीकाली गाउँपालिका क्षेत्रका कृषि योग्य सम्भावित स्थानहरुको पहिचान गरी एक वडा एक कृषि नमूना व्यवसायिक खेतीका लागि प्राथमिकता दिईनेछ ।
- आगामी आर्थिक बर्ष भित्रमा सबै वडाहरुमा वडा स्तरीय कृषी तथा पशुपालन समिति तथा गाउँपालिका स्तरीय एउटा कृषी तथा पशुपालक समिति गठन, परिचालन र व्यवस्थापन गरिनेछ।
- अर्गानिक तरकारी खेतीलाई प्रोत्साहन गरिनेछ ।
- पशु खोप कार्यक्रम, पशु गोठ व्यवस्थापन, पशु आहारा जस्ता कार्यक्रम संचालन गरिनेछ । युवा लक्षित नमुना पशुपालक कृषकलाई केही अनुदानको व्यवस्था मिलाइनेछ ।
- कृषी र पशु विकास दीर्घकालिन योजना तर्जुमा गरिनेछ । गाउँपालिकाको कृषी तथा पशु नीति तयार गरिनेछ ।
- बौदीकाली गाउँपालिकाको वडा नं. १, २, ३ र ४ मा तरकारी तथा खाद्यान्न, वडा नं. ५, र ६ मा फलफुल, खाद्यान्न र मौरी सम्बन्धी कार्यक्रममा जोड दिईनेछ ।
- आवधिक रुपमा माटो परिक्षण, रोग परिक्षण तथा शिविर सँचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- पशु तथा कृषी विमा कार्यक्रम सँचालन गर्नको लागि प्राथमिकता दिईनेछ ।
- दुग्ध उत्पादन र संकलन केन्द्र स्थापना गर्ने नीति लिईनेछ ।
- अदुवा/अलैंची प्रशोधन केन्द्र स्थापना गर्ने नीति लिईनेछ । सुन्तलाको लागि चिस्यान केन्द्रको व्यवस्थापन गरिनेछ । साथै कृषी उपजको बहुउपयोगी प्रयोगलाई प्राथमिकता दिईनेछ ।
- व्यवस्थित दुग्ध डेरी तथा व्यवस्थित मासु पसल स्थापना गर्न जोड दिईनेछ ।

- कृषी र पशुपालन सम्बन्धि व्यवसायिक फर्मलाई विशेष प्रोत्साहन र अनुदान उपलब्ध गराईनेछ ।

१०. सहकारीः

- स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरुको क्षमता विकास गर्नुको साथै विकास र उत्पादनमा सहकारीसंगको साझेदारी र सहकार्यमा जोड दिइनेछ ।
- **गाउं गाउंमा सहकारी : घर घरमा रोजगारी** भन्ने नारा लाई वडा वडामा लागु गरिनेछ । त्यसका लागि सहकारी शिक्षा सम्बन्धी तालिम सँचालन गरिनेछ ।
- सहकारी मार्फत कृषिजन्य उत्पादनको खरिद विक्री प्रकृयालाई सरलिकरण गरिनेछ । कृषी सहकारीको प्रबर्द्धन गरिनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण सहकारीलाई सहकारीको सिद्धान्तको वारेमा जानकारी गराउने नीति लिईनेछ।
- सहकारी संस्था सम्बन्धी स्थानीय कानुनको तर्जुमा भैसकेको छ । यसलाई थप व्यवस्थापन गर्नको लागि स्थानीय नीति तथा मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गरिनेछ । गाउँपालिका क्षेत्र भित्र सँचालन हुने सहकारी संस्थाहरुको दर्ता, अनुमति, खारेजी र विधटन सम्बन्धी कार्यलाई थप प्रभावकारी तुल्याईनेछ ।
- बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने सहकारीहरुलाई वित्तिय अनुशासन कायम गर्न बाध्यकारी ब्यबस्थाको परिपालनालाई कठोरतापुर्वक कार्यान्वयन गरिनेछ ।
- प्रचलित कानुन अनुसार नियमित कार्यसम्पादन नगर्ने तथा गाउँपालिकाको निर्देशनको पालना नगर्ने सहकारीलाई कडा कारवाही गरिनेछ ।

११. पर्यटनः

- बौदीकाली गाउँपालिकाको पर्यटकिय सँभावनालाई थप अभिबृद्धि गर्नको लागि भिडियो डकुमेन्ट्री बनाईनेछ ।
- बालीघाट क्षेत्र, अकलादेवी मन्दीर, बौदीकाली दोभान, मौला डाँडा, मौलाकाली डाँडा, चम्के गुफा, स्यालपानी लगायतका विभिन्न गुफाहरु, शिरपोखरी तथा विभिन्न मन्दिर तथा गुम्वाहरु लगायतका पर्यटकिय क्षेत्रहरुको सँरक्षण र प्रबर्द्धनको लागि आधारभुत पुर्वाधारहरुमा लगानी गरिनेछ । तिनिहरुको अद्यावधिक विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ ।
- सेतोपानी, वतासे गुफा जस्ता पर्यटकिय क्षेत्रहरुमा आधारभुत पर्यटकिय पूर्वाधार निर्माणमा जोड दिईनेछ । सेतीपानी क्षेत्रको पानीको औषधीय गुणको प्रचारप्रसार गरिनेछ । साथै रिठेली भुयर स्थानलाई विकास गरिनेछ ।
- पर्यटनको क्षेत्रमा थप लगानीको लगी प्रदेश र सँघसँग सहकार्यमा कार्य गरिनेछ ।
- ब्रम्हचार्य जनक आश्रम लगायतका नयाँ पर्यटकिय स्थलहरुको पहिचान गरि DPR तयार गरिनेछ ।
- एक आर्थिक बर्षमा १ वटा पर्यटकिय पुर्वाधार निर्माण गरिनेछ ।

- ऐतिहासिक, पुरातात्विक स्थलको संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गर्ने र आर्थिक गतिविधि सञ्चालन गर्ने नीति लिईनेछ ।
- गाउँपालिका भित्रका सँभावित सबै विभिन्न स्थानमा सांस्कृतिक पहिचान सहितको होम स्टे सञ्चालन गर्ने कार्यलाई प्रोत्साहित गर्ने नीति लिइनेछ । ल्हापे र दराई सामुदायिक होमस्टेको क्षमता विकास गरिनेछ ।
- कालीगण्डकी नदिमा पर्यटकिय जलमार्ग स्थापनाको लागी सम्भाव्यता अध्ययन गरिनेछ ।
- पोखरा देखी थारु भिलेज सम्मको पर्यटकिय पदमार्ग स्थापनाको लागी सम्भाव्यता अध्ययन गरिनेछ।
- बौदीकाली गाउँपालिकाको पर्यटन गुरुयोजना तयार गरी नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला र प्रदेश सरकारको पर्यटन योजनासँग एकीकृत गरिनेछ ।

१२. उद्योग तथा बाणिज्य तथा सार्वजनिक निजी साझेदारीः

- गाउँपालिकाको उपयुक्त स्थानको पहिचान गरी कम्तीमा एउटा उद्योग ग्राम स्थापना गर्नको लागि सम्भाब्यता अध्ययन गरिनेछ र लगानीको लागि प्रदेश सरकारसँग सहकार्य गरिनेछ।
- विभिन्न प्रकारका घरेलु उद्योगहरुको स्थापना गरी सँचालन तथा व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ । परम्परागत घरेलु उद्योगहरुलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।
- उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिवृद्धी गराउने र नियमित बजार अनुगमन र नियमन प्रणालीको विकास गरिनेछ ।
- निजि क्षेत्र तथा सहकारीहरु सँगको सहकार्यमा सुपथ मुल्य पसल सँचालन गर्न जोड दिईनेछ ।
- राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
- सार्वनिक निजी साझेदारी मार्फत परियोजना सँचालन गर्नको लागी आवश्यक कानुनी वातावरण तयार गरिनेछ ।

<u>सामाजिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरुः</u>

१३. शैक्षिक विकासः

- प्रारम्भिक वाल विकास तथा शिक्षा, आधारभुत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, बैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धि सुस्पष्ट्र नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमनलाई प्रभावकारी बनाईनेछ । निर्मित कानुनको अक्षरशः पालना गर्ने व्यवस्था मिलाईनेछ ।
- सामुदायिक, सँस्थागत, गुठी र सहकरी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी प्रभावकारी कानुनी व्यवस्था गरिनेछ ।
- प्राविधिक शिक्षा र व्यवसायिक तालिममा जोड दिईनेछ ।
- **एक विद्यालयः एक बगैचा** कार्यक्रम शुरुवात गरिनेछ ।

- सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान गरिनेछ । विद्यालय समायोजनलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक तथा भौतिक पुर्वाधार निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा जोड दिईनेछ ।
- आधारभुत तहको परिक्षालाई मर्यादित बनाउन परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन कार्यविधिको तर्जुमा गरिनेछ ।
- **एक विद्यलयः एक वालविकास केन्द्र**लाई अनिवार्य गराउने नीति लिईनेछ ।
- विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन गर्ने खालका कार्यक्रमहरुमा जोड दिईनेछ ।
- निःशुल्क शिक्षा व्यवहारमा नै परिणत गरिनेछ । त्यसको लागि पर्याप्त मात्रामा शैक्षिक क्षेत्रमा लगानी बढाईनेछ।
- गाउँपालिकास्तरीय सुविधासम्पन्न पुस्ताकालयको स्थापना गरिनेछ ।
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, आय-व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन गरिनेछ ।
- सामुदायिक विद्यालयको विचमा शैक्षिक अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिनेछन् । सामुदायिक विद्यालयको पूर्वाधार निर्माणमा सहयोग र शैक्षिक गुणस्तर कायम गर्न शैक्षिक अन्तक्रिया, विपन्न विद्यार्थी छात्रवृत्ति कार्यक्रम, क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन र विशेषज्ञ सहितको शैक्षिक गुणस्तर अनुगमन संयन्त्र गठन गरिनेछ ।
- विद्यालयहरुको नक्सांकन गरी राष्ट्रिय तथा स्थानीय मापदण्ड अनुरुपको दुरी भित्र आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन गरिनेछ ।
- सामुदायिक विद्यालयलाई गरिने पूर्वाधार सहयोगमा अपाङ्गमैत्री र लैङ्गिकमैत्री पुर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ । साथै सबै विद्यालयहरुमा सुविधासम्पन्न कम्प्युटर प्रयोगशाला बनाउने नीति लिईनेछ ।
- बौदीकाली गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरुमा नपुग शिक्षक दरबन्दी एकिन गरि दरबन्दी थप गर्नको लागि आवश्यक पहल गरिनेछ ।
- उत्कृष्ट विद्यालय व्यवस्थापन समिति, उत्कृष्ट प्रधानअध्यापक र उत्कृष्ट शिक्षकलाई पुरस्कृत र प्रोत्साहन गरिनेछ ।
- गाउँ शिक्षा समितिको क्षमता विकास गरिनेछ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सँचालनको लागी पहल गरिनेछ ।
- गाउँपालिका भित्र कम्तीमा १ वटा आगिंक क्याम्पस सँचालन गर्नको लागी आवश्यक तयारी गरिनेछ ।
- वाल विकास केन्द्रका सहजकर्ताहरुलाई उपलब्धी र कार्यकुशलताको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराईने छ ।

- आगामी आर्थिक बर्षभित्रका बौदीकाली गाउँपालिको शिक्षा नीति तथा शिक्षा योजना तर्जुमा गरिनेछ।

१४.गैरसरकारी सँघसँस्था परिचालन र समन्वयः

- गाउँपालिका र विभिन्न संघ-संस्थाहरुको सहकार्यमा सञ्चालन हुने कार्यक्रमहरुको कार्यक्रम सम्पन्न प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने ब्यबस्थालाई अनिवार्य गरिनेछ । गैरसरकारी संघ सस्थाहरुसंगको सहकार्यलाई प्राथमिकता दिईने छ । **काम र दाम दुबैमा साझेदारी र सहकार्य**को अवधारणा शुरुवात गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र क्रियाशील सबै गैरसरकारी संस्थाहरुको कार्यलाई व्यवस्थित गरी नतिजामूलक वनाउन र प्रभावकारी परिचालन गर्न गैसस परिचालन नीति वनाईनेछ ।
- गाउँपालिका भित्र कार्यरत सबै गैरसरकी सँस्थाहरुले अनिवार्य रुपमा गाउँपालिकाको स्विकृति तथा अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ । अन्यथा तिनका कार्य र गतिविधिहरुलाई प्रतिबन्ध लगाईनेछ।

१५.आधारभुत स्वास्थ्य र सरसफाईः

- नागरिकलाइ स्वस्थ वनाउन स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुच स्थापित गर्दै सवैको स्वस्थ जीवन प्रत्याभुत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाई पुरा गर्ने नीति लिइएको छ ।
- महिलाहरुको प्रजनन अधिकार थप सुदृढ गरी सेवाको पहुंच तथा उपभोगमा वृद्धि ल्याउनको लागि विभिन्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छ ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज पहुँच हुने गरी प्रभावकारी सेवा उपलब्ध गराइनेछ, पोषणयुक्त खानेकुराको वारेमा चेतना बढाउदै पोषण कार्यक्रमलाइ थप प्रभावकारी गराइनेछ ।
- नवजातशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र वालमृत्युदरहरुलाई घटाई औषत आयु बढाउन स्वास्थ्य पुर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनेछ । स्वास्थ्य क्षेत्रमा सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको समन्वय एवं सहकार्यलाई वढाईनेछ । स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रबर्द्धनात्मक सेवा, उपचारात्मक सेवा, पुनर्स्थापनात्मक सेवाहरु समेटेर स्वास्थ्यका कार्यक्रमहरु वनाइनेछ ।
- स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरुको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीलाई थप प्रभावकारी गराइनेछ । नसर्ने रोगको प्रकोपको न्युनिकरण लागि स्वास्थ्य प्रबर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ ।
- पुर्णखोप सुनिश्चितता वडा तथा गा.पा.को अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको हरेक वर्ष समिक्षा गर्ने, खोप कार्यक्रमलाई थप व्यवस्थित वनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा गर्ने, खोप केन्द्रहरुलाई व्यवस्थित तथा थप निर्माण गर्ने कार्यलाई तीव्रता दिईनेछ ।

- गाउँपालिका भित्रका सबै विद्यालयहरुलाई जङ्कफुड निषेधित क्षेत्र घोषणा गर्नको लागि कानुनी तथा कार्यक्रमगत व्यवस्था गरिनेछ ।
- सेवाग्राहीमैत्री परिवार नियोजन सेवा प्रदान गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- **"इच्छाइएको गर्भ, सुरक्षित तथा स्वस्थ गर्भ"** भन्ने मुल नाराका साथ हरेक गर्भलाई परिवारमा तथा समाजमा उत्सवको रुपमा स्थापित गराउन सामाजिक परिचालन गरिनेछ।
- किशोरकिशोरीहरुलाई दौतरी शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
- समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ । महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकार्य योजना बनाइ लागू गरिने छ। सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ । नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित गरिनेछ ।
- महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि आर आर टि लाइ तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यलाइ औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरु तयारी हालतमा राखिने छ ।
- क्षयरोग तथा नसर्ने रोगहरुको समयमै पहिचानको लागि ल्याव सेवाको स्थापना तथा विस्तार गरिने छ । क्षयरोगका बिरामीहरुलाई पोषण भत्ताको ब्यवस्थापन गरिने छ।
- म.स्वा.स्वं.से. हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ । त्यसको लागि प्रोत्साहनको कार्यक्रम लागु गरिनेछ ।
- स्वास्थ्य संस्थाको सरसफाइलाई विशेष जोड दिइने छ । गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सरसफाइको नियमित अनुगमन गरी उत्कृष्ट सरसफाइ गर्ने संस्था तथा का.स. हरुलाई पुरस्कृत गरिने छ ।
- हरेक स्वास्थ्य संस्थामा गुणस्तर सुधार समिति गठन गरिनेछ र गुणस्तर सुधारका कार्यक्रमहरु लागू गरिनेछ । फोहोरमैला व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक पर्ने उपकरण तथा सामाग्रीहरुको उपलब्धतालाई क्रमशः बढाउदै लगिनेछ ।
- स्वास्थ्य सेवामा सर्वव्यापी पहुंच वृद्धि गर्नको लागि यस गाउँपालिका भित्रका वडाहरुमा १/१ वटा स्वास्थ्य संस्था स्थापना गर्नको निम्ति भवन र जग्गा नभएका वडाहरुमा कम्तिमा ४ रोपनी तत् तत् स्थापनामा जग्गाको व्यवस्थापन गरिनेछ । साथै यसको भवन निर्माणको लागि प्राप्त हुने वजेटमा समपुरक वजेटको व्यवस्था समेत आवश्यकता अनुसार गरिनेछ ।
- स्वास्थ्य चौकी व्यवस्थापन समितिका पदाधिकारीहरुलाई व्यवस्थापकीय क्षमता अभिवृद्धि तालिम उपलब्ध गराइने छ ।
- आवश्यक स्थानमा वर्थिङ सेन्टरको स्थापना तथा स्थापित वर्थिङ सेन्टरहरुमा आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्थापन गरिनेछ । आर्थिक वर्ष अगावै स्वास्थ्य कार्यक्रम संचालनका लागि स्वास्थ्य क्यालेण्डर प्रकाशन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुवाट गरिने मासिक प्रतिवेदन पद्दतिलाई निरन्तरता दिइने छ । म.स्वा.स्वं.से हरुको मासिक समिक्षालाई प्रभावकारी वनाइने छ साथै नियमानुसार उत्प्रेरणा

गरिने छ ।स्वास्थ्य संस्था प्रमुखहरुको मासिक वैठक तथा समिक्षालाई निरन्तरता दिइने छ ।

- राष्ट्रिय विमा कार्यक्रमलाई प्रसार प्रसार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । विमितहरुको संख्या वृद्दि गर्ने खालका समुदायस्तरमा क्रियाकलापहरु संचालन गरिनेछ । विमितहरुको नियमित नवीकरणको लागि प्रोत्साहित गरिने छ ।
- समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि F.M. रेडियो पत्र पत्रिकाहरुमा सन्देश प्रवाहित गरिनेछ । स्थानीय स्तरमा हुने विशेष मेला तथा महोत्सवहरुमा स्वास्थ्य शिक्षा प्रवद्दर्दन गर्ने क्रियाकलापलाइ संचालन गरिनेछ ।
- किशोर किशोरीहरु संग स्वास्थ्यकर्मी हरुको अन्तरकृया नियमित गरिनेछ । सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्रि वनाइने छ । माध्यामिक शिक्षामा प्रजनन स्वास्थ्य का विषयहरुको कक्षा स्वास्थ्यकर्मी वाटै गरिनेछ । यसका लागि स्वास्थ्यकर्मी लाई उत्प्रेरीत गरिनेछ ।
- स्वास्थ्यका महत्वपुर्ण दिवसहरु म.स्वा.से दिवस, एड्स दिवस, विश्व स्वास्थ्य दिवस, क्षयरोग दिवस, धुम्रपान विरुद्दको दिवस लाई अवसरको रुपमा मनाइने छ ।
- स्वास्थ्य संस्थाहरुमा तथा वर्थिङ सेन्टरहरुको औजार उपकरणको खरीद तथा व्यवस्थापनको लागि उचित वजेट व्यवस्थापन गरिने छ । आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निशुल्क औषधिहरुको उपलब्धतालाई सुनिश्चित गरिने छ । यसका लागि संघ, प्रदेश तथा अन्य निकायसंग समन्वय गरीनेछ ।
- आवश्यकता अनुसार PLHIV हरूलाई उपचार केन्द्र (ART site) सम्म जान यातयात खर्चको व्यवस्था गरिने छ।
- समुदायमा रहेका विपन्न, जेष्ठ नागरिक, अपाङ्ग साथै पुनस्थापना गरी स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्ने जनसंख्याको पहिचान गरी थप स्वास्थ्य सेवाका कार्यक्रम सञ्चालन गरिने छ।
- गाउँपालिकाको प्रजनन दर र मृत्युदरको अध्ययन गरिनेछ । मातृ र शिशु मृत्युदर घटाउने खालका कार्यक्रमहरु सँचालन गरिनेछ ।
- जेष्ठ नागरिकको रेखदेख , उपचार र सामाजिक सुरक्षा तथा यूवा जनशक्तिको वैदेशिक पलायनको उचित व्यवस्थापन अध्यान गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गरिनेछ ।
- गाउँपालिकाको जनसंख्या पार्श्वचित्र (Population Profile) तयार गरी जनसंख्याका आधारमा योजना तर्जुमा गरिनेछ ।
- नागरिकको आधारभुत स्वास्थ्य अधिकारको प्रत्याभुतीको लागि स्वास्थ्य सँस्थाहरुको क्षमता विकास गरिनेछ । अस्पताल र अन्य स्वास्थ्य सँस्थाको स्थापना तथा सँचालन सम्बन्धी आधारभुत मापदण्ड तयार गरी लागु गरिनेछ । स्वास्थ्य सेवा सम्बन्धी भौतिक पुर्वाधारको विकास तथा व्यवस्थापनलाई जोड दिईनेछ ।
- गाउँपालिका क्षेत्रमा एउटा रक्तसञ्चार सेवा केन्द्र (Blood Bank) को स्थापना गर्न सँघ र प्रदेशसँग सहकार्य गरिनेछ ।

- एकीकृत तवरवाट एम्बुलेन्स सँचालन गर्ने ब्यबस्था गरिनेछ ।
- **स्वस्थ्य मः स्वस्थ्य मेरो परिवार** कार्यक्रमको सुरुवात गरिनेछ । यसका लागि स्वास्थ्य तथा सरसफाई सम्बन्धी आधारभुत पक्षहरुको बारेमा जानकारी प्रदान गर्नको लागि विभिन्न Activities हरु सँचालनमा ल्याईने छ ।
- आगामी आव भित्र सुरक्षित रुपमा फोहोर सँकलन, बर्गीकरण, पुनः उपयोग, प्रशोधन, विसर्जनको लागि ल्यान्डफिल्ट साईटको पहिचान, विकास र व्यवस्थापन गरिनेछ ।
- फोहोरमैलाको सेवा शुल्कको निर्धारण गरिनेछ ।
- स्वास्थ्य संस्थाका भ्रमपूर्ण एवं अतिरञ्जित प्रचार सामग्री प्रकाशन र प्रशारण एवं औषधी खुल्ला रुपमा (सडकमा, गाडीमा) बिक्री वितरण मा रोक लगाइनेछ । आवश्यक सुचना प्रकाशन एवं प्रशारण गर्नु परेमा गाउँपालिकाबाट स्विकृति लिएर गर्ने व्यवस्था मिलाइनेछ।
- दुर्व्यसनमा फसेका युवाहरुलाई लक्षित गरी लागु पदार्थ दुर्व्यसन, एच.आइ.भि.एड्स नियन्त्रण गर्न समुदाय तहमा सचेतीकरण कार्यक्रम संचालन गरिनेछ । दुर्व्यसनमुक्त समाज निर्माणका लागि सकारात्मक सोंच सम्वन्धी तालिमवाट स्वरोजगार र आत्म निर्भरता तर्फ अग्रसर गराइनेछ । समुदाय तहमा संचालन गरिने पुनस्थापना कार्यक्रममा सहकार्य गरिनेछ।
- प्रस्तावितः प्राथमिक अस्पतालको निर्माण र व्यवस्थापनमा जोड दिईनेछ ।
- गाउँपालिका भित्रका औषधी पसलहरुको नियमित अनुगमन गरिनेछ । कानुन बमोजिम सँचालन नभएको पाईएमा कानुन अनुसार कारवाही प्रक्रिया तुरुन्त शुरु गरिनेछ ।
- सुर्तीजन्य, धुम्रपान तथा मदिराजन्य पदार्थहरुको विक्री वितरणलाई नियमन गरिनेछ । १६ बर्ष भन्दा कम उमेरका वालवालिकाहरुले त्यसो पदार्थ किन्न तथा बेच्न नपाउने कार्यलाई कठोरतापुर्वक लागु गरिनेछ ।

१६. भाषा, कला, साहित्य र सँस्कृति प्रवर्द्धनः

- धार्मिक ऐतिहासिक पुरातात्विक, सांस्कृतिक महत्वका क्षेत्र, सम्पदाको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धनमा समुदायको अपनत्व कायम गर्दै स्थानीय जीविकोपार्जनमा सहयोग पुग्ने गरी कार्यक्रम संचालन गरिनेछ साथै मठ मन्दिर गुम्वा, मस्जिद समेतको संरक्षणमा समुदायलाई प्रेरित गरिनेछ । त्यसका लागि DPR तयारी गरिनेछ ।
- बौदीकाली गाउँपालिका भित्र रहेका सोरठी, घाटु, झ्याउरे, कौरा, वालन, लाखे जस्ता विभिन्न परम्परागत नाचहरु तथा लोक भजन, यानिमाया र सालैजो जस्ता लोक भाकालाई सँरक्षण तथा प्रबर्द्धन गरिनेछ ।
- स्थानीय समुदाय विशेषका संस्कृतिलाई संरक्षण,विकास र प्रबर्द्धनमा प्रोत्साहन गर्ने नीति लिइनेछ।
- आफ्नै पहल तथा सँघ र प्रदेश सरकारसँगको सहकार्यमा संस्कृति संरक्षण र पर्यटन प्रबर्द्धनका लागि फरक पहिचान र विशेषतायुक्त **सांस्कृतिक ग्राम** र होम स्टे को स्थापना, संचालन र प्रबर्द्धनमा प्रोत्साहन तथा सहयोग गर्ने नीति लिइनेछ।

- गाउँपालिकामा एक वटा साँस्कृतिक सँग्रहालय स्थापना गर्ने नीति लिईनेछ ।

१७.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः

- गाउँपालिका भित्र रहेका भूमिहिनहरुको तथ्याँक अद्यावधिक गरि विशेष कार्यक्रम सँचालन गर्नको लागी राष्ट्रिय स्तरका आयोगहरुसँग समन्वय गरिनेछ ।
- लक्षित बर्ग कार्यक्रमहरुलाई परिणाममुखी र ब्यबस्थित रुपमा सँचालन गर्ने गरी कार्यविधि निर्माण गरिनेछ ।
- मानवीय मूल्य र मान्यतालाई आत्मसात गरी, सभ्यता र संस्कृतिको प्रबर्द्धन गर्दै, सरल जीवन शैली र पद्धतिको धरातलमा "**बौदीकाली: मानवताको केन्द्र**" कार्यक्रम सँचालन गरिनेछ ।
- हिंसा पीडित महिलाहरुको सुरक्षा तथा व्यवस्थापनका लागि विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- एकल तथा दलित महिलाहरुको हित प्रबर्द्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ ।
- महिला बालबालिका तथा अन्य लक्षित वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।
- सामाजिक कुरीतिको रुपमा रहेको वालविवाह, वहुविवाह, रुढीवाद, अन्ध विश्वास एवं भ्रमहरु जस्ता सामाजिक कुरीति तथा विकृती र विसङ्गतीहरु हटाउन सामाजिक परिचालन मार्फत् सचेतीकरण गरिनेछ ।
- सामाजिक परिचालन, समावेशी र मूल प्रवाहीकरणमा जोड दिइनेछ । विकास आयोजनाको सञ्चालनमा महिलालाई अनिवार्य सहभागी गराउने नीति लिइनेछ ।
- पूर्वाधार निर्माण गर्दा महिला मैत्री, वाल मैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ।
- गाउँपालिका क्षेत्रभित्रका सवै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र गाउँपालिका स्तरमा वालक्लव र वालसंजाल गठन र पुनर्गठन लाई नियमित गरी क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।
- जमीनमा महिला किसानको एकल वा संयुक्त स्वामीत्व कायम गर्ने कार्यलाई अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।

१८. खेलकुदः

- **"एक वडा–एक खेल मैदान- एक प्रतियोगिता"** को अवधारणा शुरु गरिनेछ । वडाहरुमा जग्गा पहिचान तथा खेलकुद पूर्वाधार विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

- विभिन्न क्लुव, सँघसँस्थाद्धारा विभिन्न समयमा आयोजना हुने मेला महोत्सव तथा खेलकुद प्रतियोगितालाई नियमन गरिनेछ । गाउँपालिकाको अनुमति वेगर सँचालन हुने सबै प्रकारका कार्यक्रमलाई प्रतिवन्ध लगाईनेछ ।

१९. सामाजिक सुरक्षाः

- ८५ बर्ष उमेर नाघेका जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप बार्षिक रुपमा चाडपर्व खर्च उपलब्ध गराइनेछ ।
- स्रष्टा सम्मान र उपचार सहयोग कोषको स्थापना गरिनेछ ।
- नागरिक सेवा र सुरक्षाका लागि स्थापना भएका प्रहरी चौकीहरुको आधारभूत व्यवस्थापन र थप प्रहरी चौकी स्थापनाका लागि आवश्यक सहयोग एवं समन्वय गरिनेछ । नागरिक प्रहरी सहकार्य वढाउन **"नागरिक सेवामा प्रहरी, प्रहरी सहयोगमा नागरिक"** अभियान संचालन गरिनेछ।
- ईलाका प्रहरी कार्यालय, बौदीकाली मातहत नरम, ववक र रुचाङ्ग कार्यक्षेत्र रहने गरी प्रहरी चौकी स्थापनाको लागि आवश्यक तयारी गरिनेछ । प्रहरी चौकीको लागि जग्गा पहिचान र प्राप्ती तथा स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।
- शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य आदिको विकासमा योगदान पुर्याउने व्यक्तित्वहरुलाई उपचार र सम्मान गर्ने नीति लिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता पायक पर्ने नजिकको वैंक मार्फत् सम्बन्धित वडा कार्यालयको व्यवस्थापनमा वितरण गरी घर घर पुर्याउने व्यवस्थालाई कार्यान्वयन गरिनेछ । आगामी आर्थिक बर्षमा नगदमा सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछैन । सामाजिक सुरक्षा सम्बन्धी तथ्याङ्कलाई अधिकतम शुद्ध बनाईनेछ ।
- समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुको भूमिका र योगदानलाई उच्च महत्व दिइनेछ।
- ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण शिविर र सहायता सामग्री वितरण कार्यक्रमहरु वडागत रुपमा संचालन गरिनेछ । ८५ वर्ष भन्दामाथिका ज्येष्ठ नागरिकहरुको घरमै सामान्य स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाउन आवश्यक तयारी गरिनेछ ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिइनेछ ।
- बौदीकाली गाउँपालिकालाई हरेक किसिमको विभेदमुक्त समाज निर्माण गर्ने नीति लिईनेछ । यसका लागि सकारात्मक विभेदको नीति समेत अवलम्बन गरिनेछ ।

२०. युवा, रोजगारी तथा गरिवि निवारणः

- कोभिड १९ का कारण विदेशवाट फर्किएका व्यक्तिहरुमा रहेको ज्ञान सीप क्षमता अनुसारको रोजगारी प्रदान गर्नको लागि अपेक्षा सँकलन गरी अपेक्षा अनुसारको कार्यक्रम सँचालन गर्ने नीति लिईनेछ । ज्ञान, सीप हस्तान्तरण प्रक्रियालाई सहजीकरण गरिनेछ ।
- अनौपचारिक क्षेत्रका श्रमिक कामदारहरुको पञ्जीकरण गरिनेछ । तथ्यांक व्यवस्थित गरी निजहरुको हित प्रबर्द्धन हुने कार्यक्रमहरु संचालन गरिनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि नतिजामुखी बनाईनेछ।
- औद्योगिक, आर्थिक, सामाजिक विकासका लागि दक्ष जनशक्ति तयार गर्न विभिन्न सीपमूलक तालिम संचालनमा व्यावसायिक तालिम केन्द्रहरुसंगको सहकार्यलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिका भित्रका युवावर्गलाई सीपूमलक तालिम दिई स्वरोजगारिताको सृजना गरिनेछ । स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय गाउँपालिकावासी रोजगारी पाउने खालका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- परम्परागत पेशा, सीप र प्रविधिमा आधारित व्यवसायलाई समावेशीकरण र आधुनिकीकरण गर्न प्रोत्साहन गरिनेछ ।
- बौदीकालीबासी सबै जनताको सहयोगमा **बौदीकाली सामाजिक संरक्षण कोष** स्थापना गरिनेछ । कोषको परिचालन गाउँपालिकावासीहरुको हितमा कार्यविधि अनुसार प्रयोग गरिनेछ ।

पुर्वाधार तथा भौतिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरुः

२१. सँचार/पत्रकारिता तथा एफ.एम सँचालन र व्यवस्थापनः

- १०० वाट सम्मका एफएम रेडियो सँचालन, अनुमति, नविकरण, नियमन र खारेजी सम्बन्धी कार्य गर्नको लागि कानुनको तर्जुमा गरिनेछ । निर्मित कानुनको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- प्रदेश कानुनको अधिनमा रही एफएम सँचालन सम्बन्धि अन्य कार्यहरु गरिनेछ ।
- बौदीकाली क्षेत्रको पहिचान सञ्चार/पत्रकारिताको माध्यमवाट समेत गराउन यसको गरिमालाई अझ बढी उचो बनाउन, आर्थिक सामाजिक र पूर्वाधार समेतका समग्र विकास अभियानलाई अझ बढी योगदान दिन प्रोत्साहित गर्ने उद्देश्यले सञ्चारकर्मी/सञ्चार माध्यमको क्षमता विकास सम्बन्धी कार्यक्रम सँचालन गरिनेछ। साथै गाउँपालिकाको समृद्धि तर्फको यात्रामा सहयोग गर्ने पत्रकार/ सँचारकर्मी/सञ्चार माध्यमलाई थप प्रोत्साहित गर्नको लागि रु. २२२२२/- राशीको **बौदीकाली पत्रकारिता पुरस्कार** स्थापना गरिनेछ ।

२२. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाः

- आगामी आर्थिक बर्षमा सँचालन हुने प्राविधिक रुपले सम्भावित सबै आयोजनाहरुमा कम्तीमा ६० प्रतिशत structure को काम अनिवार्य गर्नुपर्ने व्यवस्था लागु गरिनेछ । अन्यथा बजेट तथा कार्यक्रम कार्यान्वयन नै नगर्ने नीति लिईएको छ ।
- विषयक्षेत्रगत योजना तथा परियोजना तर्जुमा, प्राथमिकिकरण, सँचालन र व्यवस्थापनमा सक्रिय जनसहभागिता जुटाईने छ । सबै भाषा, बर्ग, क्षेत्र, लिङ्ग र भूगोलको अर्थपूर्ण सहभागीता सुनिश्चित गरिनेछ ।
- प्रत्येक योजनाको प्रभाव मुल्याङ्कन गरि लगानी गर्ने नीति अपनाईनेछ ।

- सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन गरिनेछ ।
- राष्ट्रिय भवन सँहिता तथा मापदण्ड, स्थानीय भवन निर्माण र सडकको आधारभुत मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- सरकारी भवन, विद्यालय भवन, सभागृहको निर्माणमा जोड दिईनेछ ।
- संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि समन्वय, सहजीकरण र सहयोग आदानप्रदान गरिनेछ ।
- सुरक्षित वस्ती विकास कार्यक्रम लागु गरिनेछ ।
- पर्यटन क्षेत्रको विकास, विस्तार र प्रर्बद्धन गर्ने खालका योजनाहरु सँचालन गरिनेछ ।
- भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ ।
- उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकालसम्म आयोजनाको सञ्चालन, व्यवस्थापन र मर्मत सम्भारमा स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति लिइनेछ । जसको लागि गाउँपालिकाको समन्वय र सहकार्यमा **"उपभोक्ताको जिम्मा"** अभियान शुरुवात गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति र वडा समितिलाई पुरस्कृत गरिनेछ ।
- गाउँपालिकाको पहिचान दिने, रोजगारी र स्वरोजगारिता सृजना गर्ने, स्थानीय श्रोत साधनको अतिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिई गरिवि न्यूनीकरण एवं समावेशी विकासबाट सामाजिक र भौगोलिक विभेद कम गर्दै जाने नीति लिइनेछ ।
- विकास व्यवस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्वन गरिनेछ । सोही अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल, विकासको वर्तमान अवस्था, आन्तरिक आयमा योगदान, विगतमा योजनाहरुको कार्यान्वयनको अवस्था, सामुदायिक अग्रसरता, गाउँपालिकाको निर्देशनको पालना जस्ता सूचकका आधारमा वडामा श्रोत साधनको बाँडफाँड गर्ने नीति अवलम्बन गरिनेछ ।
- स्थानीय योजनाहरुको छनौट र प्राथमिकिकरणलाई बैज्ञानिक बनाउन, आवश्यक नीतिगत सुझावहरु दिन बौदीकाली गाउँपालिकाका उपाध्यक्षको नेतृत्वमा बौदीकाली गाउँपालिका क्षेत्रभित्रका बौद्धिक ब्यक्तित्वहरु, समाजसेवी ब्यक्तिहरु, राजनीतिक दलका प्रतिनीधिहरु समेतलाई समावेश गरी **"बौदीकाली योजना आयोग"** गठन गरिनेछ ।

२३. उर्जा, साना जलविद्युत तथा बैकल्पिक उर्जाः

- गाउँपालिका भित्रका सबै वडाहरुमा केन्द्रिय प्रशारण लाईनको विद्युत पुर्याउने व्यवस्था गरिनेछ । त्यसका लागि आवश्यक पहल र समन्वय गरिनेछ ।
- उर्जा तथा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन, मापदण्डहरुको निर्माण गरिनेछ ।
- एक मेगावाट सम्मका जलविद्युत आयोजनाहरुको सँचालन र व्यवस्थापन सम्बन्धी नीति, कानुन तथा अन्य कानुनी पुर्वाधारको विकास गरिनेछ । निजी क्षेत्रलाई स्वागत गर्ने नीति लिईनेछ ।

- स्थानीय बिद्युत उत्पादन तथा वितरण प्रणाली र विद्युत सेवाको व्यवस्थापन, सँचालन, अनुगमन तथा नियमन गरिनेछ ।
- गाउँपालिकामा बैकल्पिक उर्जा सम्बन्धी प्रविधिको विकास र प्रविधि हस्तान्तरणलाई प्राथमिकता दिईनेछ ।
- बैकल्पिक उर्जा तथा नविकरणिय उर्जाको क्षेत्रका पर्याप्त लगानी गर्ने नीति लिईनेछ ।
- स्थनीय स्तरमा उत्पादित विद्युतलाई राष्ट्रिय प्रशारणसँग आवद्ध गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ ।

२४.सडक, भवन, खानेपानी तथा शहरी विकासः

- नयाँ ट्र्याक खन्ने कार्यलाई न्युनीकरण गरिनेछ । नयाँ सडक निर्माण गर्नै पर्ने अवस्थामा सडकको पहुँच नपुगेको वस्तीलाई प्राथमिकता दिईनेछ ।
- गाउँपालिका भित्र निर्माण तथा स्तरोन्नती र मर्मत गरिने सबै सडकहरुको झुकाव बढीमा १२ प्रतिशत हुने गरी निर्माण गर्ने व्यबस्थालाई अनिवार्य गरिएको छ ।
- **"सबैको सडक, सबैको सहभागिता–स्तरीय सडक, हाम्रो प्रतिबद्धता"** कार्यक्रम शुरुवात गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका मुख्य मुख्य कच्ची सडकलाई कल्भर्ट, ह्युमपाइप सहित ग्राभेल सडकमा स्तरोन्नति गरिनेछ । सडक निर्माणको कार्य गर्दा कम्तीमा ६० प्रतिशत structure जस्तै वाल, नाली, ग्रावेल आदीको कार्य अनिवार्य गरिनेछ ।
- पैंतिस लाख भन्दा बढीको लागत अनुमान भएका भएका योजनाहरु टेण्डर मार्फत खरिद गर्ने व्यवस्था गरिनेछ ।
- न्युनतम सुविधा सहितको वसपार्क निर्माण गर्नको लागि जग्गाको पहिचान, जग्गा प्राप्ति र संभाव्यता अध्ययन सहित कार्यान्वयन प्रक्रिया अघि बढाईनेछ ।
- बौदीकाली गाउँपालिका क्षेत्रका संम्पूर्ण सडकहरुलाई समेटने गरी **बौदीकाली यातायात गुरुयोजना** लाई कार्यान्वयनमा ल्याईनेछ । विवरण अद्यावधिक गरिनेछ ।
- गाउँपालिका क्षेत्रको खानेपानीलाई सुरक्षित, स्वस्थ्य र भरपर्दो बनाउन **"एकीकृत खानेपानी व्यवस्थापन गुरुयोजना"** र विस्तृत डिपिआर तयार गरी कार्यान्वयन गरिनेछ ।
- **"एक घर–दश फलफुल विरुवा"** कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।
- सम्पूर्ण सामुदायिक, कबुलियती र राष्ट्रिय बन क्षेत्रको वर्तमान अवस्था र सो को संरक्षण, विकास र ब्यवस्थापन तथा सडक किनारामा बृक्षारोपण सम्बन्धमा अध्ययन सहित हरियाली सडक कार्यक्रम संचालन गरिनेछ ।
- एकीकृत **बौदीकाली विकास गुरुयोजना** निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- घाट तथा शवदाह स्थलहरुलाई व्यवस्थित गरिनेछ । प्रत्येक वडाहरुमा सुरक्षित शवदाह स्थलहरु निर्माण गर्न प्राथमिकता दिईनेछ ।
- सम्पूर्ण वडा कार्यालयहरुलाई वडा सेवा केन्द्रका रुपमा विकास गर्न तथा वडा कार्यालयमार्फत गरिने कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्नका निम्ति आवश्यक पूर्वाधार निर्माण कार्य अघि बढाईनेछ।

- बौदीकाली गाउँपालिकाको पच्चिस बर्षे दीर्घकालिन सोच सहितको पञ्चवर्षिय आवधिक विकास योजना तयारी गरी कार्यान्वयनमा ल्याईनेछ ।
- विभिन्न विषयगत क्षेत्रको विकास अवधारणा सम्वन्धी अध्ययन सहित क्षेत्रगत विकास रणनीतिपत्र तयार गरिने छ ।
- पूर्वाधार विकासका लागि जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताकासाथ सञ्चालन गरिनेछ ।
- पूर्वाधार निर्माण गर्दा महिला मैत्री, वाल मैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री हुने नीति लिइनेछ।
- GIS प्रविधिमा आधारित घर नम्वरिङ प्रणाली शुरुवात गरिनेछ ।
- सडक तथा पुल मर्मत संभार कोष स्थापना गरी त्यसको परिचालन गर्न निर्देशिका वनाई लागू गरिनेछ ।
- सडक तथा अन्य पुर्वाधार निर्माण उपभोक्ता समिति मार्फत गर्दा नगदै लागत सहभागिता जुटाउनु पर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ । अन्यथा उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गरिने छैन ।
- सबै प्रकारका कार्यक्रमहरुमा आवश्यकता अनुसार श्रमदान वा लागत सहभागितालाई कम्तिमा १५ प्रतिशत कायम गरिनेछ ।
- पचास लाख भन्दा बढी लागत अनुमान भएका योजनाहरु DPR गरि त्यसैको आधारमा सँचालन र व्यवस्थापन हुने नीति लिईनेछ ।
- गाउँपालिका भित्र भवन लगायतका सँरचना निर्माण गर्दा "बौदीकाली गाउँपालिकाको आवास, वस्ती विकास, शहरी पुर्वाधार तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड, २०७७" को निर्माण, कार्यान्वयन गरिनेछ । मापदण्डको अनिवार्य पालना गर्दै नक्सापास गर्ने कार्यलाई अनिवार्य गरिएको छ । उक्त मापदण्डको पालना नभएमा आधारभुत सिफारिस समेतका कार्यहरु रोक्का राखिनेछ ।
- आर्थिक बर्ष २०७७/७८ को प्रथम दुई महिनाभित्र घ बर्गको निर्माण व्यवसायी ईजाजत पत्रहरुको अद्यावधिक गरिनेछ । कार्यविधि अनुसार नभएको पाईएमा अनुमति पत्र खारेज गरिनेछ ।
- कालिगण्डकी करिडोर, प्रदेश स्तरीय सडक र रणनैतिक सडकहरुमा लगानीमा दोहोरोपन नआउने गरी स्तरोन्नतीको लागी सम्बन्धित तह र निकायहरुसँग समन्वय गरिनेछ ।
- बौदीकाली ४, व्याघन देखी सुस्ता जोड्ने प्रस्तावित सुरुङ मार्गको निर्माणको लागी सम्बन्धित तहसंग पहल र सहकार्य गरिनेछ ।

<u>वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरुः</u>

२५. जलबायु परिवर्तन तथा वातावरण सँरक्षण र जैविक विविधताः

- स्थानीय स्तरमा वातावरणीय जोखिम न्युनीकरणको लागि दीर्घकालिन योजना बनाईनेछ ।

- स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने किसिमका उपभोग्य बस्तुहरुको विक्रि वितरणलाई नियन्त्रण गरिनेछ ।
- वातावरण र विकासलाई सँगसँगै लैजानको लागि बायो ईन्जिनियरिङ पद्धतिलाई आत्मसात गरिनेछ।
- औषधीय गुण भएका जडिबुटिहरुको संरक्षण तथा प्रबर्द्धन गरिनेछ ।
- वडा तहमा सामुदायिक कम्पोष्ट प्लान्टको अवधारणालाई अगाडी बढाउन प्रोत्साहन गरिनेछ।

२६. वन, जलाधार सँरक्षण तथा भूसंरक्षणः

- सार्वजनिक जग्गाको सरंक्षण वडा समिति र समुदायको सहभागितामा गरिनेछ ।
- वन क्षेत्रलाई अनियन्त्रित डढेलो, अतिक्रमण, चरिचरण र चोरी निकासीबाट प्रभावकारी ढंगले संरक्षण गर्न उपभोक्ताहरुलाई परिचालन गरिनेछ ।
- लालीगुरांश तथा घोरल संरक्षण कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।
- अम्रिसो खेतीलाई प्रोत्साहन गरिनेछ । अम्रिसो प्रशोधन केन्द्र स्थापनाको लागी पहल गरिनेछ ।
- मृग, घोरल, चितुवा लगायत गाउँपालिकाभित्र पाईने जनावरहरुको संरक्षण गर्ने कार्य गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुसंग सहकार्य गरी सामुदायिक वन मार्फत् स्थानीयहरुको आयआर्जन बढाउन वन तथा वन पैदावारमा आधारित उद्यमशिलता विकाश तथा उद्योग व्यवसाय संचालन, जडिवुटि एवं फलफुल खेती र प्रशोधन कार्यलाई प्रोत्साहन गरिनेछ ।
- खानेपानीको मुहान, सीमसार तथा जलाधार क्षेत्रको सँरक्षण गर्ने नीति लिईनेछ ।
- गाउँपालिका स्तरीय जलश्रोत समिति गठन गरी सक्रिय र प्रभावकारी बनाईनेछ ।

२७.प्राकृतिक श्रोत, खानी तथा खनिज पदार्थको सँरक्षणः

- गाउँपालिका क्षेत्रमा रहेका विभिन्न खानीहरुको उत्खनन, अन्वेशष, उत्पादन, ढुवानी तथा विक्री वितरणलाई नियमित गर्न कार्यविधि निर्माण गरिनेछ । यसको पुर्वाधार विकासको लागि सँघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।
- नदी र नदीजन्य पदार्थको विक्री वितरणलाई व्यवस्थित गरिनेछ । IEE प्रतिवेदनको पुर्ण कार्यान्वयन गरिनेछ ।

२८. फोहोरमैला व्यवस्थापनः

- जैविक र अजैविक फोहरलाई उत्पादन तहदेखि नै वर्गिकरण गरी छट्टाछुट्टै संकलन गर्ने व्यवस्था मिलाइनेछ । जैविक फोहरवाट घरैमा कम्पोष्ट मल वनाउन प्रेरित गरी गमला, कौशी, छत, करेशावारीमा तरकारी खेती गर्न प्रोत्साहित गरिनेछ । सडक, नाली, सार्वजनिक र खुल्ला स्थानमा फोहर फाल्नेलाई कारवाही गरिनेछ । फोहरमैला व्यवस्थापनमा **"जनता-गाउँपालिका साझेदारी"** अवधारणा शुरुवात गरिनेछ ।

- सडक, नाली, सार्वजनिक र खुल्ला स्थानमा फोहर फाल्नेलाई कार्वाही गरिनेछ । सो को प्रभावकारी अनुगमन व्यवस्था मिलाइनेछ । सरसफाई र फोहर व्यवस्थापनलाई व्यवस्थित वनाउन टोलटोलमा टोल विकास सँस्था गठन गरिनेछ । अनुगमनको लागि टोल विकास सँस्थाहरुका पदाधिकारी मध्येवाट एक अनुगमन समिति बनाईनेछ साथै त्यसको प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ ।
- फोहर व्यवस्थापन तथा सरसफाई कार्यमा सार्वजनिक निजी साझेदारी, समुदायमा आधारित, सशुल्क फोहर व्यवस्थापनको नीतिलाई शुरुवात दिँदै वडागत रुपमा एकीकृत व्यवस्थापन गर्ने गरी व्यवस्था मिलाईनेछ ।
- व्यवस्थित ल्याण्डपफिल साईटको लागि जग्गा पहिचान, खरिद तथा निर्माण व्यवस्थापन गरिनेछ ।

२९. जलउत्पन्न प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापनः

- स्थानीय विपद् व्यवस्थापन समितिलाई प्रभावकारी बनाउदै विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनिकरण तयारीको कार्य गरिनेछ । विपद न्यूनिकरणका लागि पूर्व सूचना प्रणाली सम्वन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न प्राविधिक अध्ययन गरिनेछ।
- गाउँपालिकामा "**विपद् व्यवस्थापन आकस्मिक कोष**" स्थापना गरिनेछ । त्यसको सँचालनको लागि कार्यविधि तयार गरिनेछ ।
- विपद्को अवस्थामा खोज तथा उद्धारको लागि विपद् व्यवस्थापनमा काम गर्ने विभिन्न सरकारी एवं गैह्र सरकारी निकायहरुसंग समन्वय गरी स्वयंसेवक र उद्धार राहत सामाग्रीहरुको भण्डारण र पूर्व तयारीको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका विभिन्न संघ संस्थाद्धारा संचालित एम्वुलेन्स सेवालाई व्यवस्थित गर्न समन्वय र सहकार्य गरिनेछ ।

<u>सँस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीति तथा कार्यक्रमहरुः</u>

३०. गाउँपालिका प्रहरीः

- आगामी आर्थिक बर्षमा गाउँपालिका प्रहरीको गठन, सँचालन र व्यवस्थापन गर्न आवश्यक तयारी गरिनेछ ।
- गाउँपालिका प्रहरी सम्बन्धी नीति, कानुन र मापदण्डको निर्माण र कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका प्रहरीको परिचालनलाई प्रभावकारी बनाउन गाउँपालिकाको सम्पत्ति तथा अन्य सरकारी सम्पत्तीको सुरक्षा र संरक्षण, स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा, स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन, सरसफाई, न्यायिक समितिको निर्णय कार्यान्वयन, सरकारी जग्गा र सम्पत्तिको संरक्षण, विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना, छाडा पशु चौपायाको नियन्त्रण जस्ता क्षेत्रहरुमा परिचालन गरिनेछ ।

३१. स्थानीय सेवाको व्यवस्थापन तथा मानव सँसाधन विकासः

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धि नीति मापदण्ड, सेवा शर्तको तर्जुमा गरिनेछ ।
- सँविधानको धारा ३०२ को उपधारा २ बमोजिम समायोजन भएका कर्मचारीहरुको व्यवस्थापन, उपयोग, सम्भार र समन्वयको लागि प्रभावकारी व्यवस्था गरिनेछ ।
- संगठनात्मक क्षमता विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकासलाई बैज्ञानिक तवरले नतिजामुखी बनाईनेछ।
- कर्मचारीहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन **"बैज्ञानिक प्रोत्साहन प्रणाली"** लागु गरिनेछ।
- कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने नीति लिईनेछ ।
- परिवर्तित सन्दर्भमा संविधान र कानूनद्वारा प्राप्त अधिकारको प्रयोग र कर्तव्य पालनाका लागि आवश्यक मानव श्रोतको वैज्ञानिक र तथ्यपरक विश्लेषण गरी संगठन अध्ययन गरी संगठन संरचना र जनशक्ति व्यवस्थापन गर्ने नीति लिइने छ ।

३२. सँस्थागत क्षमता विकासः

- जिल्ला स्थित कार्यालय, विषयगत कार्यालय, शाखा तथा वडा कार्यालयहरु बीच सहकार्य र सौहार्दताको लागि एक उपयुक्त संयन्त्रको निर्माण गरी बस्तु, सेवा तथा विकास आयोजनाहरुलाई समन्वयात्मक परिपूरक र परिपोषण गरिनेछ ।
- गाउँपालिकाको सिमाना मिलाउने कार्यक्रम संचालन गरिनेछ । निरन्दीखोला वरिको भुभाग बौदीकाली गाउँपालिकामा समावेश गर्न संघीय सरकार समक्ष पेश गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहितको निर्माण गरी कठोरतापुर्वक कार्यान्वयन गरिनेछ।
- स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- जनप्रतिनिधि/कर्मचारी क्षमता अभिवृद्धि गर्न क्षमता विकास योजना बनाई लागु गरिनेछ।
- जनताको राय सुझाव ग्रहण गर्न, गुनासो सुन्न र जवाफदेहिता वहन गर्नका लागि गाउँपालिकासंग बौदीकालीबासीको सोझो सम्पर्कको लागि टोल फ्रि नम्वरको व्यवस्थालाई प्रभावकारी बनाईनेछ।
- सेवाग्राहीहरुलाई गुणस्तरीय र सहज सेवा प्रदान गर्नका लागि सेवाग्राहीमैत्री वडा कार्यालयको घोषणा गर्ने नीति ल्याइनेछ । जसका लागि अभिलेख व्यवस्थापनको अवस्था, राजश्व सँकलन र दाखिला, विवादहरुको निरुपणमा कार्यकुशलताको प्रयोग, जनप्रतिनिधि-जनता विचको सम्बन्ध जस्ता सुचकहरु प्रयोग गरिनेछ ।
- गाउँपालिकाको कार्य प्रणालीलाई सुरक्षित पारदर्शि र थप व्यवस्थित वनाउन वडा कार्यालयहरुमा समेत क्रमशः CCTV जडान गरिनेछ ।

- विद्युतीय हाजिरीलाई पूर्ण रुपमा कार्यान्वयनमा गरि सुशासन पारदर्शिता र जवाफदेहिता प्रबर्द्धनमा थप प्रभावकारिता ल्याइनेछ । सामुदायिक विद्यालयहरुमा विद्युतिय हाजिरी अनिवार्य गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता कार्यक्रम अनलाइन मार्फत् नागरिकले निवेदन गर्न सक्ने गरी वडा तहवाट कार्यान्वयन हुने व्यवस्था गरिनेछ ।
- गाउँपालिका कार्यालयमा आन्तरिक सञ्चार सुदृढ गर्न इन्टरकम टेलिफोन प्रणालीलाई कार्यान्वयन गरिनेछ ।
- वडातहवाट सम्पादन हुने चालु प्रकृतिका कार्यहरुको खर्च भुक्तानी प्रयोजनका लागि प्रचलित कानुन बमोजिम खाता संचालन हुने गरी पायक पर्ने बैँकमा खर्च खाता खोली सँचालन हुने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको वित्तिय कारोवारलाई SUTRA प्रणालीमा आवद्ध गरी थप व्यवस्थित गरिनेछ ।
- वडास्तरवाट संकलन हुने राजश्वलाई Intranet Computer System को माध्यमवाट गाउँपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गराउने कार्यको शुरुवात गरिनेछ ।
- गाउँपालिकालाई आवश्यक पर्ने अफिस उपकरण, स्टेशनरी तथा मेशिनरी सामानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेन्टी भएका सामानहरुलाई प्राथमिकता दिइनेछ साथै स्वदेशी उत्पादनलाई प्राथमिकता दिइनेछ ।
- कार्यालयमा भएका साधन मेशिन उपकरणहरुको वेलैमा नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र स्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिइनेछ ।
- कार्यालयमा रहेका विभिन्न सवारी साधन, मेशिन उपकरण, फर्निचरहरु लगायतका जिन्सी सामानहरु र कार्यालय संरचना चालु अवस्थामा राखिनेछ ।
- गाउँपालिका र वडा कार्यालयबाट समेत आयोजना हुने सभा, बैठकलाई मितव्ययी र छरितो बनाईनेछ ।

३३. राजश्व परिचालन, श्रोत अभिबृद्धि र व्यवस्थापनः

- व्यवसायकरको दायरा बढाउने र बढीभन्दा बढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गर्न बौदीकाली गाउँपालिकामा विविध कार्यक्रम सहित प्रत्येक बर्ष श्रावण २१ देखी २७ सम्म कर जागरण कार्यक्रम संचालन गर्ने तथा राजश्व संकलन कार्यलाई ब्यवस्थित गरी वडा कार्यालयहरु बाटै कर, शुल्क दस्तुर सँकलन गर्ने व्यवस्था मिलाईने छ ।
- वार्षिक पेशा व्यवसाय करका श्रेणी तथा दर वमोजिम करदाता पहिचान गर्ने सम्बन्धमा पेशा व्यवसायको प्रकृति आकार प्रकार एवं ठाँऊ विशेषको आधार लिइनेछ ।
- वार्षिक पेशा व्यवसाय कर र घर बहाल कर असुली कार्यलाई थप प्रभावकारी वनाउन वडा समिति र टोल संस्थाहरुलाई परिचालन तथा जिम्मेवार वनाउने नीति लिईने छ ।
- गाउँ सभाद्वारा तोकिएको कर असोज महिना भित्रै बुझाउनेलाई सम्पत्ति कर, पेशा व्यवसाय कर र घर जग्गा वहाल करमा लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ । चालु

आ.व.को आषाढ मसान्तसम्म कर नबुझाई बक्यौता कायम हुन आएमा बक्यौता कायम हुन आएको आ.व.बाट पहिलो वर्ष १० प्रतिशत र त्यसपछिका प्रत्येक वर्षहरुमा थप ५ प्रतिशतका दरले विलम्ब जरिवाना जोडी बक्यौता समेत असुल गरिनेछ । तर कार्यलयबाट हुने अन्य विभिन्न सम्झौताको हकमा सम्झौतामा लेखिए बमोजिम नै हुनेछ ।

- समयमै कर भुक्तान गर्न एस.एम.एस.द्धारा सूचना प्रवाह गर्ने कार्यको थालनी गरिने छ ।
- अपाङ्ग, असहाय, अशक्त, दैवी प्रकोप पीडित, द्वन्द्व पीडित, जेष्ठ नागरिकहरुलाई वडा कार्यालय तथा गाउँकार्यपालिकाको कार्यालयवाट गरिने सिफारिसहरु कानुन बमोजिमको प्रक्रिया पुरा गरी निःशुल्क गरिनेछ ।
- पेशा व्यवसाय कर लिदा एउटै फर्ममा फरक, फरक प्रकृतिका व्यवसाय संचालन गरेकाको हकमा तोकिए बमोजिमको फरक, फरक प्रकृतिका व्यवसाय करको दरले हुन आउने रकम जोडी व्यवसाय कर लिईनेछ ।
- सम्पतिकर, पेशा व्यावसाय कर, घर बहालकर, मनोरञ्जन करहरुलाई पारदर्शि र प्रभावकरी वनाउन आवश्यकता अनुसार कार्यविधि निर्देशिका वनाई व्यवस्थित गरिनेछ । साथै केबुल संचालक र डिसहोम बिक्रेता डिलरहरुसंग समन्वय गरी प्रत्येक केबुल संचालकबाट ग्राहक संख्याको आधारमा मासिक रुपमा मनोरञ्जन कर लिने व्यवस्था मिलाईनेछ ।
- श्रोत परिचालन र व्यवस्थापनमा बौदीकाली गाउँपालिकालाई सक्षम र आत्मनिर्भर बनाउन, प्रचलित कानून बमोजिम लगाउन सकिने राजश्वका सबै श्रोतहरुको वस्तुपरक पहिचान, विश्लेषण, प्रक्षेपण समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गरिनेछ ।
- आफ्नो वा संगोल परिवार (एकाघरका सदस्य) ले गाउँपालिकालाई भुक्तान गर्नु पर्ने कर शुल्क, दस्तुर समयमा भुक्तान नगरी बक्यौता कायम राख्ने करदातालाई गाउँपालिका वा वडा कार्यालयवाट सबै प्रकारका सिफारिस सेवा सुविधा रोक्का गरिनेछ तर कुनै कर शुल्क दस्तुर भुक्तान गर्ने समयावधि रहेको अवस्थामा (चालु आ.व.) त्यस्तो बन्देज गरिने छैन।
- कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुले आफुले बुझाउनु पर्ने सम्पत्ति कर, व्यवसाय कर र बहाल कर चुक्ता गरी त्यसको प्रमाणित कागजात सँलग्न राख्नुपर्ने कार्यलाई अनिवार्य गरिनेछ । सो योजनाबाट लाभान्वित उपोक्ताहरुलाई त्यस्ता कर शुल्क तिर्न प्रोत्साहित गरिनेछ ।
- वित्तीय श्रोत परिचालन र व्यवस्थापनमा निजी क्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई बढाउदैं लगिनेछ । सम्पूर्ण करदातालाई स्वःस्फुर्त रुपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको छ भन्ने अनुभूति दिलाउन गाउँपालिकाको आर्थिक कारोवार सूचनापाटी,वेभसाईट र पत्र पत्रिकाहरुमा मासिक/चौमासिक/बार्षिक रुपमा प्रकाशन गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्रका (राजमार्ग वाहेकका) सडकहरु प्रयोग गरी निषेधित क्षेत्रबाहेकका नदी खोलाहरुबाट ढुंगा, गिट्टी, मिस्कट, वालुवा, क्रेसरबाट उत्पादित तयारी

मालसामान र ईटा तथा अन्य मालसामानहरुको लोड लिई बिभिन्न नाका भई आउने ढुवानीका साधनहरुबाट सडक भत्कने बिग्रने भई क्षति पुर्याउने भएकाले त्यस्ता सामान ढुवानीका साधनहरुबाट सवारीकरको अतिरिक्त तोकिए वमोजिमको दरमा सडक मर्मत सुधार शुल्क लिईनेछ । त्यस्तो शुल्क संकलनमा वडा कार्यालयको पहलमा स्थानीय उपभोक्ता समितिहरुलाई सहभागी गराउने नीतिलाई कार्यान्वयन गरिनेछ र रसिद नियन्त्रण खाता बौदीकाली गाउँपालिकामा राखी आर्थिक पारदर्शिता कायम गरिनेछ।

- सँघीय तथा प्रादेशिक कानुनको अधीनमा रही सम्पत्ती कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क तथा दस्तुर, व्यवसाय कर, मालपोत, मनोरञ्जन करलाई थप बैज्ञानिक बनाईनेछ ।
- स्थानीय पुर्वाधार तथा सेवाहरुको शुल्क निर्धारण, सँकलन र व्यवस्थापन गरिनेछ ।
- स्थानीय राजश्वका सँभावित क्षेत्र र दायर अभिबृद्धिको लागि राजश्व सँभाब्यता अध्ययन गरिनेछ ।
- ढुङ्गा, गिटी, वालुवा, माटो, स्लेट ढुङ्गा आदी प्राकृतिक तथा खानीजन्य बस्तुको विक्रि तथा निकासीलाई ब्यबस्थित गरिनेछ ।
- आर्थिक बर्ष २०७७/७८ देखी अनिवार्य रुपमा सम्पत्ति कर प्रणाली लागु गरिनेछ ।
- राजश्व सँकलनको लागि जनतालाई सहज होस भन्ने हेतुले प्रत्येक वडामा राजश्व सँकलन शिविर सँचालन गरिनेछ ।
- बौदीकाली गाउँपालिकालाई तिर्नु वा बुझाउनु पर्ने राजश्व, रोयल्टी, सेवा शुल्क वा दस्तुर तोकिएको समयमा नबुझाउने जुनसुकै ब्यक्ति/सँस्था/निर्माण व्यवसायीहरुलाई कालोसुचीमा राखी कानुन अनुसार गरिनेछ ।

३४.वित्तिय व्यवस्थापन/वित्तिय जोखिम न्युनीकरण तथा पारदर्शिता र सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण तथा लेखापरिक्षणः

- सार्वजनिक सेवाको गुणस्तर, कार्य शैली र व्यवहारको लेखाजोखा गर्न सार्वजनिक सुनुवाइ सार्वजनिक परिक्षण जस्ता विधि तथा औजारहरुको पुर्ण प्रयोग गर्ने नीति लिइने छ ।
- सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परीक्षण र सवै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडाक्षेत्रगत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिनेछ ।
- पारदर्शिता र सुशासनका लागि गाउँपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमवाट सार्वजनिकीकरण गर्ने कार्यक्रमलाई प्रभावकारी वनाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको सेवा प्रवाह, जानकारी, सन्देश र अनुरोध गाउँपालिका वासीहरुलाई मोवाइल एप्स मार्फत् हात हातमा उपलब्ध गराउने र बौदीकालीवासीहरुको सुझाव सल्लाह

ग्रहण गरी नागरिकको अभिमतलाई सम्मान गर्न मोवाइल एप्सको विकास र प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

- कार्यालयका सवारी साधन र अफिस उपकरणको मितव्ययी ढंगवाट परिचालन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सवारी साधनहरुको परिचालन मितव्ययी र व्यवस्थित वनाउन सवारी साधन चलानी गर्नुपर्ने ब्यबस्था गरिनेछ । पदाधिकारी र कर्मचारीहरुलाई उपलध्ध गराइने सवारी साधन परिचालनलाई व्यवस्थित वनाइनेछ । सवारी पाशलाई अनिवार्य गराईनेछ । यसको अनुगमनको लागि नेपाल प्रहरीसँग सहकार्य गरिनेछ ।
- आन्तरिक लेखा परीक्षण पद्धतिलाई प्रभावकारी वनाइने छ। वेरुजू हुन नदिने र फछ्र्यौटलाई व्यवस्थित गरिनेछ । असुल गर्नुपर्ने बेरुजु कठोरतापुर्वक असुल उपर गरिनेछ।
- कार्यालयको तर्फवाट गरिने भ्रमण कार्यक्रमलाई मितव्ययी र प्रभावकारी वनाउन औचित्यको आधारमा भ्रमण आदेश दिने र भ्रमण पछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गर्न लगाइने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकावाट कार्यान्वयन हुने योजना कार्यक्रमहरुमा वित्तीय जोखिम न्यूनिकरणका लागि निर्माण तथा खरिद प्रक्रियालाई वढि प्रतिस्पर्धात्मक वनाउन सार्वजनिक खरिद ऐन बमोजिम विद्युतीय प्रणाली अवलम्बन गरिनेछ ।

३५. मालपोत तथा नापी कार्यालयको स्थापनाः

- नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार प्रयोग गर्नको लागी आर्थिक बर्ष २०७७/७८ भित्र गाउँपालिका भित्र मालपोत तथा नापी कार्यालय स्थापना गर्नको लागि संघीय सरकारसँग सहकार्य र समन्वय गरिनेछ ।

३६. नागरिक सन्तुष्टि सर्वेक्षणः

- गाउँकार्यपालिका कार्यालय, वडा कार्यालय तथा सबै विषयगत शाखाहरुले प्रवाह गरेको सार्वजनिक सेवावाट जनताका चाहना र आवश्यकताहरुको परिपुर्ती भए नभएको बारे कम्तीमा बर्षमा १ पटक नागरिक सन्तुष्टि सर्वेक्षण गरिनेछ ।

अन्य क्षेत्रगत नीति तथा कार्यक्रमहरुः

३७. न्यायिक समितिको क्षमता विकास र मध्यस्थता व्यवस्थापनः

- न्यायिक समितिको क्षमता विकास गरी न्याय सम्पादनलाई छिटो र प्रभावकारी बनाउने नीति अवलम्बन गरिने छ ।
- न्यायिक समिति र मध्यस्थता सम्बन्धि सीप तालिम र ज्ञान अभिबृद्धि सम्बन्धि कार्यक्रमहरु सँचालन गरिने छ ।
- न्यायीक समितिको लागि ब्यबस्थित ईजलास र सचिवालयको निर्माण गरिनेछ ।

३८. स्थानीय बजार व्यवस्थापनः

- स्थानीय ब्यापार, वस्तुको माग र आपुर्तीको अनुगमन, उपभोक्ता अधिका र हित प्रर्बद्धन गर्न बजार तथा हाट बजारको व्यवस्थापन गरिनेछ ।

- स्थानीय बस्तुहरुको उत्पादन, आपुर्ती तथा निकासी प्रक्षेपण गरी मुल्य निर्धारण गरिनेछ ।
- स्थानीय बजार व्यवस्थापनको लागि उद्योग बाणिज्य सँघ/सँस्थाहरुसँग सहकार्यमा काम गरिनेछ ।
- स्थानीय बस्तु तथा सेवा ब्यापारको मुल्य तथा गुणस्तरको अनुगमनलाई प्रभावकारी बनाईनेछ।
- स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन गरिनेछ।
- निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी स्थानीय बजार प्रर्बद्धन, सहजीकरण र नियमन गरिनेछ ।

३९. स्थानीय तथ्याङ्क र अभिलेख संङ्कलन/व्यवस्थापनः

- गाउँपालिका क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सँकलनलाई बैज्ञानिक बनाई विकासका हरेक क्षेत्रमा आवद्ध गरिनेछ
- ब्यक्तिगत घटना दर्ताको अभिलेख तथा पञ्जीकरण व्यवस्थापनलाई क्रमशः विद्युतिय प्रणालीमा आवद्ध गरिनेछ ।
- स्थानीय तथ्याङको सँकलन लाई विश्वासयोग्य बनाउन प्रत्येक बर्ष तथ्याङ्क अद्यावधिक गरिनेछ।
- नेपाल सरकार तथा विश्व बैंक वीच भएको ऋण सम्झौता बमोजिम गाउँपालिकामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सँचालन गरिनेछ ।

४०. उपभोक्ता समितिको परिचालन तथा अनुगमनः

- उपभोक्ता समितिमार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरुको कार्यान्वयनको लागि उपभोक्ता समितिको गठन मिति २०७७ श्रावण मसान्त भित्रै प्रचलित कानुन बमोजिम गठन गरिसक्नु पर्नेछ । त्यसैगरी योजना सम्झौता भाद्र मसान्त भित्रै सम्पन्न गरिसक्नुपर्नेछ। अन्यथा कार्यालयले अन्य विधिद्धारा काम सम्पन्न गर्न सक्ने व्यवस्था गरिएको छ ।

४१. कोभिड १९ लगायतका महामारीको ब्यबस्थापन

- कोभिड १९ को विश्वव्यापी संक्रमणको कारणवाट उत्पन्न असहज परिस्थिति तत्काल सामान्य अवस्थामा आउन सक्ने नदेखिएकोले यसको असरलाई न्युनीकरण गर्दै जनजीवन नियमित गर्ने विषयलाई प्राथमिकता दिईनेछ ।
- महामारीको यस विषम परिस्थितिलाई सम्बोधन गर्न गाउँपालिकाले प्राथमिकता परिवर्तन गरी सामाजिक विकास तथा स्वास्थ्य र सरसफाई जस्ता क्षेत्रलाई प्राथमिकता दिईनेछ ।
- हाल अभ्यासमा रहेको योजना तर्जुमा विधि र प्रक्रिया अनुरुप गाउँटोल भेलाको आयोजना गर्न स्वास्थ्यका दृष्टिकोणले जोखिमपुर्ण हुने भएकोले नागरिक सहभागिताका वैकल्पिक विधिहरु प्रयोग गर्न जोड दिईनेछ ।

- क्वारेन्टिन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सुचना तथा तथ्याङ्क सँकलन तथा सम्प्रेषण जस्ता कार्यहरुलाई प्राथमिकता दिईनेछ ।
- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने योजना छनौटमा प्राथमिकता दिईनेछ ।
- कोभिड १९ को ब्यबस्थापनमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्रीहरुको अभाव नहुने गरि व्यवस्थापन गरिनेछ ।
- कोभिड १९ को सँक्रमण ब्यबस्थापनमा खटिनुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधिहरु तथा सहयोगी कर्मचारीहरुको कोरोना विमा गर्ने नीति लिईनेछ ।

४२. मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको कार्यान्वयवाट बौदीकालीवासी जनताका आधारभुत आवश्यकताहरु सुनिश्चित हुँदै जाने विश्वास लिएको छु । साथै सार्वजनिक सेवाको प्रभावकारीता एवं गुणस्तर अभिबृद्धि हुने विश्वास पनि लिएको छु। सामाजिक र आर्थिक क्षेत्रहरुमा निर्माण र नवनिर्माणले तिव्रता पाउने भई जनताले आर्थिकर सामाजिक क्षेत्रमा सकरात्मक परिवर्तन महसुस गर्ने मेरो विश्वास छ । साथै कोरोनाको संक्रमण ब्यबस्थापनमा महत्वपुर्ण भुमिका खेल्ने आशा समेत गरेको छु ।

४३. अन्त्यमा यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै पक्षको पुर्ण सहयोग रहने अपेक्षा समेत गरेको छु । नीति तथा कार्यक्रम तयारीको क्रममा रचनात्मक सुझाव र सल्लाह उपलब्ध गराउने सम्पुर्ण राजनीतिक दल, संघसंस्था एवं बौदीकालीवासीहरु प्रति कृतज्ञ छु । साथै सबै जनप्रतिनिधि र कर्मचारीहरुमा धन्यवाद समेत ज्ञापन गर्दछु ।

४४. धन्यवाद ।

४५. जय अकलादेवी । जय बौदीकाली ।। जय बौदीकालीबासी ।।।

आर्थिक बर्ष २०७७/७८ को

बजेट बक्तव्य

बौदीकाली गाउँपालिका

डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

२०७७

बौदीकाली गाउँपालिकाको पाँचौ गाउँ सभामा मिति २०७७ असार १० गते
गाउँपालिका उपाध्यक्ष श्री मायादेवी श्रेष्ठले प्रस्तुत गर्नुभएको

आर्थिक बर्ष २०७७/७८ को बजेट बक्तब्य

बौदीकाली गाउँपालिका
डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
२०७७
www.baudikalimun.gov.np

आदरणिय गाउँसभा अध्यक्ष ज्यु,
सम्पुर्ण गाउँसभा सदस्य ज्युहरु,

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस रोग (कोभिड १९) को संङ्कटको यस घडिमा गरिमामय सभा समक्ष म आगामी आर्थिक बर्षको बजेट प्रस्तुत गर्नको लागि यहाँ उपस्थित भएको छ । कोभिड १९ को रोकथाम तथा प्रतिकार्यमा खटिनुहुने सम्पुर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि तथा कर्मचारी र सम्बद्ध सबैमा उच्च सम्मान ब्यक्त गर्न चाहन्छु । कोरोना संक्रमण भई उपचाररत सम्पुर्णको शिघर स्वास्थ्य लाभको कामना गर्दै यसको कारणवाट मृत्यु हुनेहरु सबैमा हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

२. बौदीकाली गाउँपालिकाको प्रथम निर्वाचित गाउँपालिका उपाध्यक्षको हैसियतले यस सम्मानित गाउँसभा समक्ष आगामी आर्थिक बर्ष २०७७/७८ को लागि बौदीकाली गाउँपालिकाको बार्षिक बजेट प्रस्तुत गर्न पाँउदा अत्यन्तै गौरव महसुस गरेको छु ।

३. सँघीयता, लोकतन्त्र, राष्ट्रियता, गणतन्त्र, र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै शहीद, वेपत्ता तथा घाईते परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु । त्यसै गरी सँघीयता प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेताहरू, नागरिक समाज, सञ्चार जगत र सहभागी जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै बधाई र धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी बौदीकालीको समृद्धिको लागि हरदम चिन्तन र मनन गरिरहने, गाउँपालिकालाई सहयोग, सल्लाह र सुझाव दिनुहुने राजनीतिक दल, समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवि, कर्मचारी तथा सम्पुर्ण बौदीकालीवासी प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

४. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगका कारण विश्वले एकैपटक मानवीय र आर्थिक संकट सामना गर्नुपरेको छ । नेपाल पनि स्वभाविक रुपमा यसबाट प्रभावित भएको छ । यसले निम्ताउने अर्थतन्त्र सँकुचनको मारले पर्ने असर त छदैछ कोरोनाबाट बौदीकालीवासीहरुको जीवन रक्षा गर्ने र विकाशलाई गतिशिल बनाउने गहन जिम्मेवारी बोध गरेको छु ।

५. यो बजेट तर्जुमा र तयारी गर्दा सँघीय सरकार र गण्डकी प्रदेश सरकारको बार्षिक बजेटसँग अधिकतम तादम्यता मिल्ने गरी तयारी गरेको छु । साथै नेपालको सँविधानको अनुसुची बमोजिम स्थानीय तहको अधिकारसुची, सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकारको भुमिका र सँचालित विकास आयोजनाको कार्यान्वयनको अवस्था समेतलाई ध्यानमा राखेको छु । साथै नेपालको संविधान, स्थानीय सरकार सन्चालन ऐन, २०७५ का साथै चालु आवधिक योजना, सँघीय सरकार र प्रदेश सरकारका प्राथमिकताहरु, गाउँपालिकाको नीति र प्राथमिकतालाई ध्यानमा राखेको छु ।

६. बौदीकाली गाउँपालिकाको आन्तरिक राजश्व क्षमता कमजोर रहेको परिप्रेक्षमा सँघ र प्रदेशको वित्तिय समानिकरण अनुदान, राजश्व बाँडफाँड वापत प्राप्त हुने रकम, समपुरक अनुदान, विशेष अनुदान तथा सशर्त अनुदान समतेलाई मुल आधार बनाई यो बजेट तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

७. यस बजेटमा बौदीकाली गाउँपालिकाको आफ्नो अधिकार क्षेत्र भित्रको कर तथा गैरकर राजश्व परिचालन र ब्यबस्थापनलाई विशेष ध्यान दिएको छु ।

८. अनुत्पादक तथा अनावश्यक क्षेत्रहरुमा खर्च कटौती गर्ने, पुंजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययीता तथा नियमितता कायम हुने गरी आगामी आर्थिक बर्षको लागी बजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रमको छनौट, श्रोतसाधनको बाँडफाँड र विनियोजनमा दोहोरोपन न्युनीकरण गर्ने अधिकतम प्रयास गरिएको छ ।

अध्यक्ष महोदय,
गाउँसभा सदस्य ज्युहरु,

९. **आगामी आर्थिक बर्ष २०७७/७८ को बजेट देहायका उद्देश्यहरु प्राप्तीमा केन्द्रीत रहनेछ**

- कोभिड १९ लगायतका महामारी ब्यबस्थापन गरी गाउँपालिकावासीहरुलाई सुरक्षित गराउने।
- स्थानीय कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको क्षमता विकास गर्ने तथा संस्थागत गर्ने ।
- विकासका पुर्वाधारहरुको विस्तार र पहुँच वस्तीस्तरसम्म वृद्धि गरी विकासका अवसरहरुलाई पर्याप्त उपयोग गर्ने अवस्थाको सुनिश्चितता गर्ने ।
- समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत गाउँपालिका भित्रका विभिन्न वर्ग, क्षेत्र, लिँग, सम्प्रदाय, जातजातीको सार्वजनिक श्रोत साधनमा पहुँच अभिबृद्धि गर्ने ।
- प्रत्येक वडावाट गाउँपालिका केन्द्र सम्म जोड्ने र हरेक वस्तीवाट वडा कार्यालय सम्म जोड्ने बाटोहरुको स्तरोन्नती गर्ने ।
- उत्पादनमुलक क्षेत्रमा व्यवसायिकता र उद्यमशीलताको विकास एवँ सामाजिक परिचालन मार्फत कृषी क्षेत्रलाई गतिशिल बनाई गरिवि न्युनीकरण गर्ने ।
- विकासको दृष्टिले पछाडी परेका वडाहरुमा प्राथमिकताका साथ विकास कार्यक्रमहरु पुर्याई जनताको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहयोग पुर्याउने ।
- शुद्ध खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धि चेतनाको स्तरोन्नती गरि राष्ट्रकै दीर्घकालिन लक्ष्य प्राप्तीमा टेवा पुर्याउने ।
- विकास कार्यक्रम तथा आयोजनाहरु सँचालन गर्दा सरोकारवालाहरु विच समन्वय गर्दै जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व बढाई सुशासनको प्रत्याभुती दिने ।
- समृद्ध र श्रोत सम्पन्न गाउँपालिकाको रुपमा विकास गर्ने ।

१०. बौदीकालीलाई समृद्ध बनाउने आधार भनेका कृषी, शिक्षा, स्वास्थ्य, पर्यटन र पुर्वाधार विकास नै हुन भन्ने कुरामा स्थापित गाउँपालिकाको नीति र क्षेत्रहरुलाई प्रमुख प्राथमिकता दिईएको छ ।

अध्यक्ष महोदय
गाउँसभा सदस्य ज्यूहरु,

अब म यस गाउँपालिकाको नीति बमोजिम आगामी आर्थिक बर्षमा सँचालन हुने मुख्य मुख्य कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

११. **बौदीकाली गाउँपालिकामा कोभिड १९ को संक्रमणलाई ब्यबस्थापन गर्न रु. १ करोड ३० लाख विनियोजन गरिएको छ । कोभिड १९ संक्रमण व्यवस्थापनका विभिन्न कार्यक्रमहरु सँचालन गरिनेछ । बजेटको मितव्ययीता, कार्यदक्षता र प्रभावकारीता कायम हुने गरी खर्च हुने ब्यबस्था मिलाएको छु ।**

१२. यस गाउँपालिकामा समावेश भई आधारभुत विकास पूर्वाधार न्यून रहेका वडाहरूमा विकासका विशेष कार्यक्रमहरू सञ्चालन गरी सवै वडाहरूलाई समानस्तरमा पुर्याउदै सवै बौदीकालीबासीहरुलाई **समृद्ध बौदीकालीका गौरवशाली नागरिक**को अनुभूति दिलाउन आर्थिक विकास, पुर्वाधार विकास, सामाजिक विकास, वन, वातावरण तथा विपद ब्यबस्थापन लगायतका विषय क्षेत्रमा Rationale आधारमा बजेट विनियोजन गरेको छु ।

१३. गाउँपालिका र वडाको केन्द्र जोड्ने लिंक रोड स्तरोन्नतीको लागि पर्याप्त बजेट विनियोजन गरिएको छ ।

१४. वडा कार्यालय नभएको वडामा वडा कार्यालय भवन निर्माण गर्ने कार्य प्राथमिकतामा राखिएको छ।

१५. एकीकृत र दीर्घकालिन विकासको निम्ती आवधिक पञ्चबर्षिय योजना तर्जुमा गरि कार्यान्वयन गरी **योजनाबद्ध प्रयास विना समृद्धि हासिल हुदैन** भन्ने मुल मन्त्रलाई आत्मसात गरी गाउँपालिकाको २५ बर्षे दीर्घकालिन योजना, MTMP, पाशर्वचित्र तथा अन्य योजनाहरु तर्जुमाको लागी बजेट विनियोजनको ब्यबस्था गरिएको छ ।

१६. **कृषी मुलश्च धनमः** भन्ने मुलमन्त्रलाई दृष्टिगत गरी कृषी, तरकारी खेती, फलफुल खेती तथा पशुपालन मार्फत रोजगारी श्रृजना गरी गरिवि न्युनिकरणमा टेवा पुर्याउनको लागी कृषी तथा पशु विकासको क्षेत्रमा आवश्यक विनियोजन गरेको छु ।

१७. लैगिँक समानता र सामाजिक समावेशीकरण मार्फत **सामाजिक न्यायः गाउँपालिकाको पर्याय** कार्यक्रम शुरुवात आगामी आर्थिक बर्ष देखी हुने ब्यबस्था गरेको छु । जसका लागी महिला, वालवालिका, अपाङ्ग, आदीवासी जनजाती, दलित, मुस्लीम, दण्डपिडित तथा अति गरिव घरपरिवार लक्षित कार्यक्रमहरु सँचालन गरिनेछ । सामाजिक समावेशिकरण कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

१८. गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरु १२ महिना नै सँचालन हुने ब्यबस्था मिलाउन ति मुख्य मुख्य सडकहरु पहिचान गरी मर्मत सम्भार गरी **All Weather Roads** को अवधारणा कार्यान्वयन गर्न सम्बन्धित योजना र गाउँपालिकाकै Heavy Equipment बाट गरिनेछ । मर्मत सँभार कोषको व्यवस्था गरिएको छ ।

१९. सबै प्रकारका कोषहरुवाट खर्च गर्दा तत् तत् कोष सँचालन कार्यविधि तर्जुमा गरेर मात्रै खर्च लेख्ने पद्दतिको शुरुवात गरि त्यसलाई अनिवार्य बनाईएको छ ।

२०. आन्तरिक राजश्व तर्फ विनियोजित बजेटका योजनाहरु उक्त रकम उठ्ने सुनिश्चित भए पछि मात्रै सम्झौता र कार्यान्वयन गर्ने ब्यबस्था गरेको छु ।

२१. लक्षित कार्यक्रमहरु तथा सँस्थागत विकास तर्फका योजनाहरु गाउँपालिका मार्फत सबै वडाहरुमा टोल तथा वस्ती स्तरमा पुग्ने गरी सँचालन गर्ने ब्यबस्था गरेको छु ।

२२. **"कोही नहुनेको गाउँपालिका छ"** भन्ने कार्यक्रम शुरुवात गरिएको छ । जसको लागी आवश्यक बजेट ब्यबस्था गरिएको छ ।

२३. **"मेरो गाउँपालिका म बनाउछु"** कार्यक्रमको आगामी आर्थिक बर्षमा आधारपत्र तयारी गरिनेछ ।

२४. आगामी आर्थिक बर्ष भित्र बौदीकाली गाउँपालिकाको पञ्चबर्षिय योजनाको आधारपत्र तयार गरिनेछ।

२५. वडा कार्यालयहरुको सँचालन गर्नको राजश्व क्षमताको आधारमा वडा सँचालन खर्च ब्यबस्था गरिएको छ । त्यसको सँचालन प्रचलित कानुन बमोजिम हुने ब्यबस्था मिलाईएको छु । गाउँकार्यपालिकाको कार्यालयले दिएको शिर्षकको शिलिङको आधारमा खर्च हुने ब्यबस्था मिलाएको छु ।

२६. चालु आर्थिक बर्षको यथार्थ आय र व्ययको विस्तृत विवरण श्रावण १५ गते भित्र सार्वजनिक गर्ने ब्यबस्था मिलाएको छु ।

आदरणीय सभाध्यक्ष ज्यु,

अव म क्षेत्रगत रुपमा आगामी आर्थिक बर्ष २०७७/७८ को बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु-

आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरु

२७. कृषी तथा पशु विकासः

- कोरोनाको कारण रोजगारी गुमेका तथा विदेशवाट फर्किएका युवाहरुको मागको आधारमा कृषी कार्यक्रम गर्न Start Up गर्ने व्यवस्था मिलाएको छु ।
- आर्थिक बर्ष २०७७/७८ मा कृत्रीम गर्भाधान, कृषक दर्ता व्यवस्थापन कार्यक्रम, कृषी तथा पशुपन्छी सम्बन्धि तथ्याँक अद्यावधिक कार्यक्रम सँचालन गरिनेछ । त्यसको लागी संघीय सरकारसँगको सहकार्यमा ५ लाख रुपैया बजेट ब्यबस्था गरिएको छ ।
- नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना तथा वंगुरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालन गर्न १२ लाख रुपैया खर्च गरिनेछ ।
- गाउँपालिका भित्रको सम्पुर्ण कृषीयोग्य भुमिको पुर्ण उपयोग गरेर कम्तीमा गाउँपालिका भित्रका सबै नागरिकलाई खान पुग्ने गरी उत्पादन वृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने ब्यबस्था मिलाएको छु । भूमिको वर्गीकरण गरी निजी तथा सरकारी कृषीयोग्य भूमिलाई बाँझो नराख्ने नीतिलाई प्राथमिकता दिईएको छ ।

- आगामी आर्थिक बर्ष भित्रमा सबै वडाहरुमा वडा स्तरीय कृषी तथा पशुपालन समिति तथा गाउँपालिका स्तरीय एउटा कृषी तथा पशुपालक समिति गठन, परिचालन र व्यवस्थापन गरिनेछ।
- पशु खोप कार्यक्रम, पशु गोठ व्यवस्थापन, पशु आहारा जस्ता कार्यक्रम संचालन गरिनेछ । युवा लक्षित नमुना पशुपालक कृषकलाई केही अनुदानको व्यवस्था मिलाइएको छ ।
- कृषी र पशु विकास दीर्घकालिन योजना तर्जुमा गर्नको लागि बजेट विनियोजन गरेको छु।
- कृषी र पशुपालन सम्बन्धि व्यवसायिक फर्मलाई विशेष प्रोत्साहन र अनुदान उपलब्ध गराईनेछ ।

२८. सहकारीः

- स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरुको क्षमता विकास गर्नुको साथै विकास र उत्पादनमा सहकारीसंगको साझेदारी र सहकार्यलाई प्रबर्द्धन गर्न तथा **गाउं गाउंमा सहकारी : घर घरमा रोजगारी** भन्ने नारा लाई वडा वडामा लागु गरिनेछ । त्यसका लागि सहकारी शिक्षा सम्बन्धी तालिम सँचालन गरिनेछ ।
- सहकारी मार्फत कृषिजन्य उत्पादनको खरिद विक्री प्रकृयालाई सरलिकरण गरिनेछ । कृषी सहकारीको प्रबर्द्धन गरिनेछ ।

२९. पर्यटनः

- अकलादेवी मन्दिर तथा वालिघाट पर्यटकिय क्षेत्रमा DPR बमोजिम पूर्वाधार निर्माण कार्यक्रम संचालन गरिनेछ ।
- बौदीकाली गाउँपालिकाको पर्यटकिय सँभावनालाई थप अभिबृद्धि गर्नको लागि भिडियो डकुमेन्ट्री बनाईनेछ ।
- बालीघाट क्षेत्र, अकलादेवी मन्दीर, बौदीकाली दोभान, मौला डाँडा, चम्के गुफा, स्यालपानी लगायतका विभिन्न गुफाहरु, शिरपोखरी तथा विभिन्न मन्दिर तथा गुम्वाहरु लगायतका पर्यटकिय क्षेत्रहरुको सँरक्षण र प्रबर्द्धनको लागि आधारभुत पुर्वाधारहरुमा लगानी गरिनेछ। तिनिहरुको अद्यावधिक विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ । प्रदेश र संघीय कार्यालयहरुसँग समन्वय गरिनेछ ।
- सेतोपानी, वतासे गुफा जस्ता Virgin पर्यटकिय क्षेत्रहरुमा आधारभुत पर्यटकिय पूर्वाधार निर्माणमा जोड दिईनेछ ।

३०. उद्योग तथा बाणिज्य तथा सार्वजनिक निजी साझेदारीः

- लघु उद्यम विकास मोडेलमा प्रतिस्पर्धावाट छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यमी श्रृजना गर्ने कार्यक्रम संचालन गरिनेछ । त्यसैगरी व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम सँचालन गरिनेछ ।
- आगामी आर्थिक बर्ष भित्र सम्भाव्य उत्पादनको उत्पादकत्व । बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

- गाउँपालिकाको उपयुक्त स्थानको पहिचान गरी कम्तीमा एउटा उद्योग ग्राम स्थापना गर्नको लागि सम्भाब्यता अध्ययन गरिनेछ र लगानीको लागि प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

सामाजिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरुः

३१. शैक्षिक विकासः

- संघीय सरकार, सशर्त अनुदान तथा गाउँपालिका अनुदान गरि कुल १० करोड ८९ लाख रुपैया शैक्षिक विकास कार्यक्रम सँचालन गर्नको लागि विनियोजन गरेको छु ।
- प्रारम्भिक वाल विकास तथा शिक्षा, आधारभुत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, बैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धि सुस्पष्ट्र नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमनलाई प्रभावकारी कार्यान्वयनको ब्यबस्था गरिएको छ ।
- कोभिड १८ को संक्रमण ब्यबस्थापन, क्वारेन्टिन ब्यबस्थापन लगायतमा पुर्ण सहयोग गर्ने विद्यालयहरुलाई शैक्षिक तथा पूर्वाधार विकास गर्ने कार्यमा प्राथमिकता दिईनेछ ।
- प्राविधिक शिक्षा र व्यवसायिक तालिममा जोड दिईनेछ ।
- सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान गरिनेछ । विद्यालय समायोजनलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक तथा भौतिक पुर्वाधार निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा जोड दिईनेछ ।
- आधारभुत तहको परिक्षालाई मर्यादित बनाउन परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन कार्यविधिको तर्जुमा गरिनेछ ।
- **एक विद्यलयः एक वालविकास केन्द्र**लाई अनिवार्य गराउने नीति लिईनेछ । त्यसको लागी वजेट विनियोजन गरिएको छ ।
- विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन गर्ने खालका कार्यक्रमहरुमा जोड दिईनेछ ।
- बौदीकाली गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरुमा नपुग शिक्षक दरबन्दी एकिन गरि दरबन्दी थप गर्नको लागि आवश्यक पहल गरिनेछ ।
- उत्कृष्ट विद्यालय व्यवस्थापन समिति, उत्कृष्ट प्रधानअध्यापक र उत्कृष्ट शिक्षकलाई पुरस्कृत र प्रोत्साहन गरिनेछ ।
- गाउँ शिक्षा समितिको क्षमता विकास गरिनेछ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सँचालनको लागी पहल गरिनेछ ।
- वाल विकास केन्द्रका सहजकर्ताहरुलाई उपलब्धी र कार्यकुशलताको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराईने छ ।
- आगामी आर्थिक बर्षभित्रका बौदीकाली गाउँपालिको शिक्षा नीति तथा शिक्षा योजना तर्जुमा गरिनेछ।

३२. गैरसरकारी सँघसँस्था परिचालन र समन्वयः

- गाउँपालिका र विभिन्न संघ-संस्थाहरुको सहकार्यमा सञ्चालन हुने कार्यक्रमहरुको कार्यक्रम सम्पन्न प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने ब्यबस्थालाई अनिवार्य गरिनेछ । गैरसरकारी संघ सस्थाहरुसंगको सहकार्यलाई प्राथमिकता दिईने छ । **काम र दाम दुबैमा साझेदारी र सहकार्य**को अवधारणा शुरुवात गरि कार्यान्वयन गरिनेछ । गैरसरकारी संस्था परिचालन नीति तयार गरी कार्यान्वयन गरिनेछ । नियमन तथा सहजीकरण गरिनेछ ।

३३. आधारभुत स्वास्थ्य र सरसफाईः

- संघीय सरकार, सशर्त अनुदान तथा गाउँपालिका अनुदान गरि कुल ५ करोड १९ लाख रुपैया स्वास्थ्य क्षेत्रतर्फ विनियोजन हुने ब्यबस्था मिलाएको छु । जसवाट जनताको आधारभुत स्वास्थ्य सेवा पाउने हक सुनिश्चित हुनेछ साथै कोभिड १९ को संक्रमण ब्यबस्थापन गरिनेछ ।
- नागरिकलाइ स्वस्थ वनाउन स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुच स्थापित गर्दै सवैको स्वस्थ जीवन प्रत्याभुत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाई पुरा गर्ने नीति कार्यान्वयन गरिनेछ ।
- आकस्मिक सेवाको लागी एम्बुलेन्स ब्यबस्थापनको कार्यक्रम संचालन गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्यकर्मीहरुको क्षमता विकास कार्यक्रम सँचालन गरिनेछ।
- गाउँपालिका भित्र उपलब्ध हुनसक्ने आयुर्वेदिक तथा औषधीय गुण भएका जडिबुटिहरुको खोज, अनुसन्धान तथा कार्यशालाको लागि बजेट विनियोजन गरेको छु ।
- अत्यावश्यकीय औषधी खरिदको लागी पर्याप्त बजेट ब्यबस्थापन गरिएको छ ।
- खोपकेन्द्रहरुको स्थापनालाई प्राथमिकता दिएको छु ।
- गाउँपालिका भित्र रहेको एक मात्र स्वास्थ्य प्रयोगशालाको क्षमता विकास तथा व्यवस्थापन गरिनेछ।
- गर्भवती महिलासंग महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सँचालन हुनेछ ।
- उच्च जोखिममा रहेका समुदायमा विरामी खोजपडताल, कम्युनिटि डङ्ग कार्यक्रम, RRT परिचालन, खोप तथा सरसफाई प्रबर्द्धन कार्यक्रम, सामाजिक व्यवहार प्रबर्द्धन कार्यक्रम आदी कार्यक्रमहरु संचालन गरिनेछ ।

३४. भाषा, कला, साहित्य र सँस्कृति प्रवर्द्धनः

- अक्षरयात्रा कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
- धार्मिक ऐतिहासिक पुरातात्विक, सांस्कृतिक महत्वका क्षेत्र, सम्पदाको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धनमा समुदायको अपनत्व कायम गर्दै स्थानीय जीविकोपार्जनमा सहयोग पुग्ने गरी कार्यक्रम संचालन गरिनेछ साथै मठ मन्दिर गुम्वा, मस्जिद समेतको संरक्षणमा समुदायलाई प्रेरित गरिनेछ । त्यसका लागि DPR तयारी गर्नको लागि बजेट विनियोजन गरेको छु ।

३५.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः

- दलित, अपाङ्ग, जेष्ठनागरिक, महिला तथा वालवालिका र जनजाती लक्षित कार्यक्रम सँचालन गरिनेछ ।
- समाजमा रहेका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, मानव बेचविखन ताथ ओसारपोसार विरुद्ध सचेतनामुलक कार्यक्रम तथा अभियान सँचालन गरिनेछ ।
- महिला विकास कार्यक्रमद्धारा प्रबर्द्धित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको लागि सहजिकरण गरिनेछ । त्यसको लागि सशर्त अनुदान मार्फत बजेट विनियोजन गरिएको छ ।
- बौदीकाली गाउँपालिकामा लैंगिक हिंसा निवारण कोषको स्थापना गरी रु. १ लाख रकम जम्मा गरिनेछ । त्यसको परिचालन कानुन बमोजिम हुने ब्यबस्था गरिएको छ ।
- गाउँपालिका भित्र रहेका भूमिहिनहरुको तथ्याँक अद्यावधिक गरि विशेष कार्यक्रम सँचालन गर्नको लागी राष्ट्रिय स्तरका आयोगहरुसँग समन्वय गरिनेछ ।
- लक्षित बर्ग कार्यक्रमहरुलाई परिणाममुखी र ब्यबस्थित रुपमा सँचालन गर्ने गरी कार्यविधि निर्माण गरिनेछ ।
- हिंसा पीडित महिलाहरुको सुरक्षा तथा व्यवस्थापनका लागि विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

३६. खेलकुदः

- बौदीकाली गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता निरन्तर संचालन गरिनेछ।
- **"एक वडा—एक खेल मैदान- एक प्रतियोगिता"** को अवधारणा शुरु गरिनेछ । वडाहरुमा जग्गा पहिचान तथा खेलकुद पूर्वाधार विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

३७.सामाजिक सुरक्षा तथा संरक्षणः

- ८५ बर्ष उमेर नाघेका जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप बार्षिक रुपमा चाडपर्व खर्च उपलब्ध गराइनेछ । जेष्ठ नागरिक अनुभव साटासाट कार्यक्रम सँचालन गरिनेछ ।
- स्रष्टा सम्मान र उपचार सहयोग कोषको स्थापना गरिनेछ ।
- नागरिक सेवा र सुरक्षाका लागि स्थापना भएका प्रहरी चौकीहरुको आधारभूत व्यवस्थापन र थप प्रहरी चौकी स्थापनाका लागि आवश्यक सहयोग एवं समन्वय गरिनेछ । नागरिक प्रहरी सहकार्य वढाउन **"नागरिक सेवामा प्रहरी, प्रहरी सहयोगमा नागरिक"** अभियान संचालन गरिनेछ।
- शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य आदिको विकासमा योगदान पुर्याउने व्यक्तित्वहरुलाई उपचार र सम्मान गरिनेछ ।

- सामाजिक सुरक्षा भत्ता पायक पर्ने नजिकको वैंक मार्फत् सम्बन्धित वडा कार्यालयको व्यवस्थापनमा वितरण गरी घर घर पुर्याउने व्यवस्थालाई कार्यान्वयन गरिनेछ । आगामी आर्थिक बर्षमा नगदमा सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछैन । सामाजिक सुरक्षा सम्बन्धी तथ्याङ्कलाई अधिकतम शुद्ध बनाईनेछ ।

३८. युवा, रोजगारी तथा गरिवि निवारणः

- कोभिड १९ का कारण विदेशवाट फर्किएका व्यक्तिहरुमा रहेको ज्ञान सीप क्षमता अनुसारको रोजगारी प्रदान गर्नको लागि अपेक्षा सँकलन गरी अपेक्षा अनुसारको कार्यक्रम सँचालन गरिनेछ । ज्ञान, सीप हस्तान्तरण प्रक्रियालाई सहजीकरण गरिनेछ ।
- अनौपचारिक क्षेत्रका श्रमिक कामदारहरुको पञ्जीकरण गरिनेछ । तथ्यांक व्यवस्थित गरी निजहरुको हित प्रबर्द्धन हुने कार्यक्रमहरु संचालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि नतिजामुखी बनाईनेछ।
- औद्योगिक, आर्थिक, सामाजिक विकासका लागि दक्ष जनशक्ति तयार गर्न विभिन्न सीपमूलक तालिम संचालनमा व्यावसायिक तालिम केन्द्रहरुसंगको सहकार्यलाई प्राथमिकता दिइनेछ ।
- बौदीकालीबासी सबै जनताको सहयोगमा **बौदीकाली सामाजिक संरक्षण कोष** स्थापना गरिनेछ । जसमा प्रत्येक गाउँपालिकाबासीले कम्तीमा बार्षिक प्रतिव्यक्ति रु.१०० रुपैया वा सो भन्दा बढी स्वैच्छिक योगदान गर्नेछन । त्यसका लागि प्रोत्साहीत गरिनेछ । त्यती नै मात्रामा गाउँपालिकाले रकम थप गरिदिने व्यवस्था गरिनेछ । कोषको परिचालन गाउँपालिकावासीहरुको हितमा कार्यविधि अनुसार प्रयोग गरिनेछ ।

<u>पुर्वाधार तथा भौतिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरुः</u>

३९. सँचार/पत्रकारिता तथा एफ.एम सँचालन र व्यवस्थापनः

- गाउँपालिकाको समृद्धि तर्फको यात्रामा सहयोग गर्ने र गाउँपालिकाका गतिविधिहरु पत्रकार/ सँचारकर्मी/सञ्चार माध्यमलाई थप प्रोत्साहित गर्नको लागि रु. २२२२२/- राशीको **बौदीकाली पत्रकारिता पुरस्कार** स्थापना गरिनेछ ।

४०.स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाः

- आर्थिक बर्ष २०७७/७८ मा संचालन हुने आयोजनाहरुलाई अधिकतम कोभिड १९ सँग आवद्ध गरि संक्रमण ब्यबस्थापनमा सघाउ पुग्ने गरी सँचालन गरिनेछ ।
- वडा कार्यालयहरु मार्फत संचालन हुने योजनाहरु नतिजामुखी हुने हिसावले कार्यान्वयन गरिनेछ ।
- सबै ठुला आयोजनाहरु, लिंकरोड, वडा कार्यालय निर्माण जस्ता आयोजना तथा गाउँपालिकास्तरीय आयोजनाहरु गाउँपालिका मार्फत कार्यान्वयन गरिनेछ ।

- आगामी आर्थिक बर्षमा सँचालन हुने प्राविधिक रुपले सम्भावित सबै आयोजनाहरुमा कम्तीमा ६० प्रतिशत structure को काम अनिवार्य गर्नुपर्ने व्यवस्था लागु गरिनेछ । अन्यथा बजेट तथा कार्यक्रम कार्यान्वयन गरिनेछैन ।
- राष्ट्रिय भवन सँहिता तथा मापदण्ड, स्थानीय भवन निर्माण र सडकको आधारभुत मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ ।
- उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकालसम्म आयोजनाको सञ्चालन, व्यवस्थापन र मर्मत सम्भारमा स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति लिइनेछ । जसको लागि गाउँपालिकाको समन्वय र सहकार्यमा **"उपभोक्ताको जिम्मा"** अभियान कार्यान्वयन गरिनेछ ।

४१.उर्जा, साना जलविद्युत तथा बैकल्पिक उर्जाः

- आगामी आर्थिक बर्षमा बायोग्यास जडान, सुधारिएको चुलो प्रविधि जडान र सौर्य उर्जा प्रविधि जडान कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रका सबै वडाहरुमा केन्द्रिय प्रशारण लाईनको विद्युत पुर्याउने व्यवस्था गरिनेछ । त्यसका लागि आवश्यक पहल र समन्वय गरिनेछ ।
- बैकल्पिक उर्जा तथा नविकरणिय उर्जाको क्षेत्रका पर्याप्त लगानी गर्ने वातावरण श्रृजना गरिनेछ ।

४२.सडक, भवन, खानेपानी तथा शहरी विकासः

- गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरुलाई All weather Road को अवधारणा अनुसार १२ महिना नै सँचालन गर्नको लागि आवश्यक ब्यबस्था गरिएको छ ।
- नयाँ ट्र्याक खन्ने कार्यलाई न्युनीकरण गरिनेछ । नयाँ सडक निर्माण गर्नै पर्ने अवस्थामा सडकको पहुँच नपुगेको वस्तीलाई प्राथमिकता दिईनेछ ।
- गाउँपालिका भित्र निर्माण तथा स्तरोन्नती र मर्मत गरिने सबै सडकहरुको झुकाव बढीमा १२ प्रतिशत हुने गरी निर्माण गर्ने व्यबस्थालाई अनिवार्य गरिएको छ ।
- पैंतिस लाख भन्दा बढीको लागत अनुमान भएका भएका योजनाहरु टेण्डर मार्फत खरिद गर्ने व्यवस्था गरिएको छ ।
- वडा नं. २ को वडा कार्यालय निर्माण गरिनेछ । साथै वडा नं. १, ४, ५, ६ को वडा कार्यालय निर्माण सम्पन्न गरिनेछ ।
- धोवादी राईकोट ववक मधुकोट नगरडाँडा व्याघन चाउदी राईका भन्ज्याङ सडक प्रदेश तथा संघीय सरकारको सहकार्यमा स्तरोन्नती गरिनेछ ।
- फेदी देखी ढुवाड जोड्ने बाटोको स्तरोन्नती गर्नको लागी आवश्यक पहल गरिनेछ ।
- निरन्दीखोलामा मोटरेवल पुल निर्माण गर्नको लागि आवश्यक ब्यबस्था गरिनेछ ।

- बौदीकाली गाउँपालिका क्षेत्रका संम्पूर्ण सडकहरुलाई समेटने गरी **बौदीकाली यातायात गुरुयोजना** लाई कार्यान्वयनमा ल्याईनेछ । विवरण अद्यावधिक गरिनेछ ।
- गाउँपालिका क्षेत्रको खानेपानीलाई सुरक्षित, स्वस्थ्य र भरपर्दो बनाउन **"एकीकृत खानेपानी व्यवस्थापन गुरुयोजना"** र विस्तृत डिपिआर तयार गरी कार्यान्वयन गरिनेछ ।
- एकीकृत **बौदीकाली विकास गुरुयोजना** निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- बौदीकाली गाउँपालिकाको पच्चिस बर्षे दीर्घकालिन सोच सहितको पञ्चवर्षिय आवधिक विकास योजना तयारी गरी कार्यान्वयनमा ल्याईनेछ ।
- आर्थिक बर्ष २०७७/७८ को प्रथम दुई महिनाभित्र घ बर्गको निर्माण व्यवसायी ईजाजत पत्रहरुको अद्यावधिक गरिनेछ । कार्यविधि अनुसार नभएको पाईएमा अनुमति पत्र खारेज गरिनेछ ।
- कालिगण्डकी करिडोर, प्रदेश स्तरीय सडक र रणनैतिक सडकहरुमा लगानीमा दोहोरोपन आउने गरी स्तरोन्नतीको लागी सम्बन्धित तह र निकायहरुसँग समन्वय गरिनेछ ।

<u>वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरुः</u>

४३.जलबायु परिवर्तन तथा वातावरण सँरक्षण र जैविक विविधताः

- स्थानीय स्तरमा वातावरणीय जोखिम न्युनीकरणको लागि दीर्घकालिन योजना बनाईनेछ । वातावरण र विकासलाई सँगसँगै लैजानको लागि बायो ईन्जिनियरिङ पद्धतिलाई आत्मसात गर्ने ब्यबस्था गरिनेछ ।
- वडा तहमा सामुदायिक कम्पोष्ट प्लान्टको अवधारणालाई अगाडी बढाउन सम्भाव्यता अध्ययन गरिनेछ ।

४४.वन, जलाधार सँरक्षण तथा भूसंरक्षणः

- सार्वजनिक जग्गाको सरंक्षण वडा समिति र समुदायको सहभागितामा गर्नको लागी टोल विकास संस्थाहरुको परिचालन गरिनेछ ।
- गाउँपालिका स्तरीय जलश्रोत समिति गठन गरी सक्रिय र प्रभावकारी बनाई क्षमता विकास गरिनेछ।

४५.प्राकृतिक श्रोत, खानी तथा खनिज पदार्थको सँरक्षणः

- गाउँपालिका क्षेत्रमा रहेका विभिन्न खानीहरुको उत्खनन, अन्वेशष, उत्पादन, ढुवानी तथा विक्री वितरणलाई नियमित गर्न कार्यविधि निर्माण गरिनेछ । यसको पुर्वाधार विकासको लागि सँघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।
- नदी र नदीजन्य पदार्थको विक्री वितरणलाई प्रभावकारी बनाउन वातावरणीय प्रभाव मुल्याङकन गरि आन्तरिक आयसँग आवद्ध गरिनेछ ।

४६.फोहोरमैला व्यवस्थापनः

- फोहरमैला व्यवस्थापनमा **"जनता-गाउँपालिका साझेदारी"** अवधारणा कार्यान्वयन गर्न फोहोरमैला ब्यबस्थापनको सम्भाव्यता अध्ययन गरिनेछ ।

४७. जलउत्पन्न प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापनः

- विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनिकरण तयारीको कार्य गर्न तथा खोज, उद्दार तथा पुनर्स्थापनाको लागी गाउँपालिकामा "**विपद् व्यवस्थापन कोष**" स्थापना गरिनेछ । त्यसको सँचालनको लागि कार्यविधि तयार गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र संचालित एम्वुलेन्स सेवालाई व्यवस्थित गर्ने कार्य आपसी समन्वय र सहकार्य मार्फत गर्न व्यबस्था मिलाएको छु ।

<u>सँस्थागत विकास, सेवा प्रवाह र सुशासनः</u>

४८. आर्थिक बर्ष २०७७/७८ भित्र गाउँपालिकाको प्रशासनीक भवन निर्माण शुरु गरिनेछ ।

४९. गाउँपालिका तथा वडा कार्यालयहरुको संस्थागत क्षमता विकासमा सहयोग पुर्याउने गरि सुचना प्रविधि विकास कार्यक्रम संचालन गर्ने ब्यबस्था मिलाएको छु ।

५०. आगामी आर्थिक बर्ष भित्र गाउँपालिका प्रहरीको गठन, सँचालन र ब्यबस्थापन गर्नको लागी बजेट आवश्यक तयारी गरिनेछ ।

५१. गाउँपालिकाको बस्तुगत विवरण तयार गरी अद्यावधिक गर्नको लागी आवश्यक ब्यबस्था गरिनेछ।

५२. घटना दर्ता तथा सामाजिक सुरक्षा बारे दर्ता सिविर सँचालन गरिनेछ ।

५३. पेश्की शुन्य नीतिलाई निरन्तरता दिईएको छ ।

५४. न्यायिक समितिको क्षमता विकास गरिनेछ । न्यायिक समितिको सचिवालय निर्माण गरिनेछ ।

५५. निर्वाचित पदाधिकारीहरुको सेवा सुविधा प्रदेश कानुन बमोजिम हुने गरी बजेट विनियोजन गरिएको छ ।

५६. आर्थिक बर्ष २०७६/७७ को कर्मचारी प्रोत्साहन भत्तालाई निरन्तरता दिईएको छ । प्रोत्साहन प्रणालीलाई कार्यसम्पादन स्तरसँग सँगै लैजाने पद्धति विकास गरिनेछ । कर्मचारी अभावका कारण एक भन्दा बढी वडा कार्यालयको जिम्मेवारी सम्हाल्नु पर्ने अवस्थामा कार्यसम्पादन स्तरको आधामा थप वडा बराबर बढीमा ५ हजार प्रोत्साहन भत्ता दिने ब्यबस्था गरिएको छ । कार्यसम्पादन सुचकका आधारमा प्रमुख प्रशासकीय अधिकृतले कार्यसम्पादन स्तर निर्धारण गर्नेछ । अति उत्तम कार्यसम्पादन भएमा १०० प्रतिशत, मध्यम भएमा ८० प्रतिशत र सन्तोषजनक भएमा ५० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराईने ब्यबस्था गरिएको छ । न्युन कार्यसम्पादन भएको अवस्थामा कुनै प्रोत्साहन भत्ता उपलब्ध नगराउने ब्यबस्था गरिएको छ ।

५७. आगामी आर्थिक बर्षमा सँचालन हुने सबै योजनाहरुको आयोजना ब्यबस्थापन खर्च ३ प्रतिशत नै कायम गरिएको छ ।

५८. दैवी प्रकोप, विपद, दीर्घरोग औषधी उपचार, सांस्कृतिक तथा खेलकुद कार्यक्रम आदी अवस्थामा आर्थिक सहयोग निर्देशिका बनाई खर्च गरिनेछ । निर्देशिका तयार नहुने अवस्था सम्मको लागी आर्थिक बर्ष २०७६/७७ को निर्णय अनुसार नै निरन्तरता दिने ब्यकस्था मिलाईएको छ ।

५९. स्थानीय सेवाको ब्यबस्थापन तथा मानव सँसाधन विकास गर्न स्थानीय सेवाको ब्यबस्थापन सम्बन्धि नीति मापदण्ड, सेवा शर्तको तर्जुमा गर्ने, समायोजन भएका कर्मचारीहरुको ब्यबस्थापन,

उपयोग, सम्भार र समन्वयको लागी प्रभावकारी ब्यबस्था गर्ने, कर्मचारीहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन "बैज्ञानिक प्रोत्साहन प्रणाली" लागु गर्ने, कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने ब्यबस्था गरिएको छ ।

६०. गाउँपालिकावाट सञ्चालन हुने कार्यक्रमहरुको कार्यसँचालन नर्म्स तयार गरी कार्यपालिकावाट स्वीकृत गरी लागु हुने ब्यबस्था गरिएको छ ।

६१. लोक सेवा आयोगवाट कर्मचारीहरु पुर्ती नहुने अवस्थासम्मको लागि उपलब्ध रहेका तथा सेवा करारमा लिईएका कर्मचारीहरुको सेवा करार अवधि थप तथा जिम्मेवारी बाँडफाँड प्रमुख प्रशासकीय अधिकृतले गर्ने ब्यबस्था गरिएको छ ।

६२. कार्यालय प्रयोजनको लागि लिईएका घरहरुको घरभाडा सम्झौता नविकरण गरि नियमितता दिईएको छ ।

६३. जिल्ला स्थित कार्यालय, विषयगत कार्यालय, शाखा तथा वडा कार्यालयहरु बीच सहकार्य र सौहार्दताको लागि एक उपयुक्त संयन्त्रको निर्माण गरी बस्तु, सेवा तथा विकास आयोजनाहरुलाई समन्वयात्मक परिपूरक र परिपोषण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

६४. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहितको निर्माण गरी कठोरतापुर्वक कार्यान्वयन गरिनेछ।

६५. योजनाहरुको काममा स्वार्थ बाझिने गरी उपभोक्ता समितिलाई संगसंगै नल्याउन जनप्रतिनिधिहरुलाई सुचना गरिनेछ, कार्यान्वयन अनिबार्य गर्नुपर्नेछ ।

६६. गाउँपालिकाको वित्तिय कारोवारलाई SUTRA प्रणालीमा आवद्ध गरी गरि कार्यान्वयन गरिनेछ ।

६७. व्यवसायकरको दायराबढाउने र बढीभन्दाबढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गर्न बौदीकाली गाउँपालिकामा विविध कार्यक्रम सहित प्रत्येक बर्ष श्रावण २१ देखी २७ सम्म कर जागरण कार्यक्रम संचालन गरिनेछ ।

६८. वित्तिय ब्यबस्थापन/वित्तिय जोखिम न्युनीकरण गर्न तथा पारदर्शिता कायम गर्नको लागी सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षणलाई अनिवार्य गरिएको छ । सार्वजनिक सेवाको गुणस्तर, कार्य शैली र व्यवहारको लेखाजोखा गर्न सार्वजनिक सुनुवाइ सार्वजनिक परिक्षण जस्ता विधि तथा औजारहरुको प्रयोग गरिनेछ । त्यसको लागी बजेट ब्यबस्थापन गरेको छु ।

६९. कर्मचारी तथा जनप्रतिनिधि र उपभोक्ता समितिहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

७०. नागरिक सन्तुष्टि सर्वेक्षण गाउँकार्यपालिका कार्यालय, वडा कार्यालय तथा सबै विषयगत शाखाहरुले प्रवाह गरेको सार्वजनिक सेवावाट जनताका चाहनाहरुको परिपुर्ती बारे कम्तीमा बर्षमा १ पटक नागरिक सन्तुष्टि सर्वेक्षण गरिनेछ ।

<u>अन्य कार्यक्रमहरुः</u>

७१. उपभोक्ता समितिमार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरुको कार्यान्वयनको लागी उपभोक्ता समितिको गठन मिति २०७६ श्रावण मसान्त भित्रै प्रचलित कानुन बमोजिम गठन गरिसक्नु पर्नेछ । त्यसैगरी योजना सम्झौता भाद्र मसान्त भित्रै सम्पन्न गरिसक्नुपर्नेछ । अन्यथा कार्यालयले अन्य विधिद्धारा काम सम्पन्न गर्न सक्ने ब्यबस्था गरिएको छ । त्यसैगरी उपभोक्ता समितिमा

पदाधिकारी वा सदस्य पदमा बस्न चाहने ब्यक्तिले बौदीकाली गाउँपालिकालाई तिर्नु वा बुझाउनु पर्ने सबै कर तथा राजश्व बाँकी नरहेको घोषणा समेत गर्नुपर्नेछ ।

७२. चालु आर्थिक बर्षमा कोभिड १९ का कारणले संचालन/सम्पन्न हुन नसकेका २ लाख ५० भन्दा ठुला योजनाहरु आगामी आर्थिक बर्षमा सँचालन गर्नको लागि बजेट तथा श्रोतको उपलब्धता हेरी म्याद थप तथा थप योजना स्वीकृती सम्बन्धि निर्णय गाउँ कार्यपालिकाले लिने तथा त्यसको जानकारी गाउँसभामा दिई अनुमोदन गराउने ब्यबस्था गरिएको छ ।

अव म बार्षिक बजेट तर्फ यहाहरुको ध्यानाकर्षण गराउन चाहन्छुः-

७३. बौदीकाली गाउँपालिकाको नीति तथा कार्यक्रमहरुलाई सफल कार्यान्वयन गर्न आगामी आर्थिक बर्ष २०७७/०७८ मा आय तर्फ आन्तरिक राजश्व वाट रु. १ करोड ७ लाख ३९ हजार, नेपाल सरकारबाट राजश्व बाँडफाड वापत रु. ५ करोड ९२ लाख ९२ हजार ८ सय ६० रुपैया, प्रदेश सरकारवाट राजश्व बाँडफाँड वापत रु. २० लाख ४४ हजार तथा गत बर्षको अनुमानित मौज्दात समेत गरी कुल ८ करोड ७० लाख ७५ हजार ८ सय ६० रुपैया राजश्व तर्फ अनुमान गरेको छु । यसैगरी बाह्य तर्फ अन्तर सरकारी बित्तिय हस्तान्तरण अन्तर्गत सँघीय सरकारवाट वित्तिय समानिकरण अनुदानबाट रु. ७ करोड ६८ लाख, प्रदेश सरकारवाट रु. १ करोड २१ लाख ४९ हजार, संघीय सरकारवाट विशेष अनुदान तर्फ १ करोड २५ लाख, संघीय सरकारवाट सशर्त तर्फ रु. १६ करोड ५८ लाख, समपुरक अनुदान तर्फ रु. ८० लाख साथै प्रदेश सरकारवाट समपुरक अनुदान रु. १ करोड गरि कुल २८ करोड ५२ लाख ४९ हजार हुने अनुमान गरेको छु । यसरी समग्रमा ३७ करोड २३ लाख २४ हजार ८ सय ६० रुपैया कुल आय अनुमान गरेको छु ।

७४. व्यय तर्फ चालु खर्च तर्फ ४ करोड ७३ लाख ४९ हजार, पुर्वाधार विकास तर्फ रु. ३ करोड ७४ लाख ७० हजार, आर्थिक विकास तर्फ १ करोड ३१ लाख २५ हजार, सामाजिक विकास तर्फ ३ करोड २४ लाख ७० हजार, वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ३६ लाख ६० हजार, संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ रु. ३ करोड १९ लाख ५० हजार र समपुरक कोषको लागी रु. १ करोड गरि कुल ३७ करोड २३ लाख २४ हजार ८ सय ६० रुपैया खर्च प्रस्ताव गरेको छु । जसको विस्तृत विवरणको अनुसुचीहरु यसैसाथ सँलग्न राखेको छु ।

७५. आर्थिक विद्येयक, २०७७ र विनियोजन विद्येयक, २०७७ यसैसाथ सँलग्न गरेको छु ।

७६. यस गाउँपालिकाको बजेट तयारीको क्रममा विभिन्न चरणमा मार्गनिर्देशन दिनुहुने गाँउपालिकाका अध्यक्ष ज्यु, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत ज्यु, राजनीतिक दलहरु, आफ्नो अमूल्य सुझाव र सहयोग सहित सहभागी हुनु भएका सम्पुर्ण जनसमुदायहरु, वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, गाँउसभा सदस्य ज्युहरु, विभिन्न विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, गाउँपालिकाका कर्मचारी साथीहरु, विभिन्न विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, पत्रकार मित्रहरु, सुरक्षाकर्मी लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्ति गर्न चाहन्छु । त्यसै गरी सहभागितात्मक योजना तर्जुमाको प्रक्रियाको शुरुवात सँगै आजको यस घोषणा समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म

गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले पुर्याएको योगदानका लागि उच्च मुल्यांकन गर्दै आभार प्रकट गर्न चाहन्छु ।

७७.अन्त्यमा, प्रस्तुत बजेट, योजना तथा कार्यक्रमहरु गाउँपालिकाको स्थापित नीति तथा प्रचलित कानुन बमोजिम कार्यान्वयन गर्न सम्बन्धित सबैबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिँदै बजेट कार्यान्वयनका लागि सहयोगको अपेक्षाका साथ विदा हुन अनुमति चाहन्छु ।

७८. धन्यवाद । जय बौदीकाली ।। जग बौदीकालीबासी जनता ।।।

बौदीकाली गाउँपालिका

आय व्ययको विवरण

आर्थिक बर्ष २०७७/७८

अनुसूची-१

शीर्षक		आ.व. २०७७/७८ को अनुमान
आयः		**३७२३२४.८६०**
	राजस्वः	**८७०७५.८६०**
	आन्तरिक राजस्व	१०७३९.०००
	राजस्व बाँडफाँडबाट प्राप्त रकम	६१३३६.८६०
	सँघीय सरकार	५९२९२.८६०
	प्रदेश सरकार	२०४४.०००
	अन्य आय (गत आर्थिक बर्षको मौज्दात समेत)	१५०००.००००
अन्तर सरकारी वित्तीय हस्तान्तरण		**२८५२४९.०००**
	नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान	७६८००.०००
	प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान	१२१४९.०००
	अन्तर स्थानीय तहबाट प्राप्त	०.०००
	सामाजिक सुरक्षा	०.०००
	नेपाल सरकारबाट प्राप्त विशेष अनुदान	१२५००.०००
	नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान	८०००.०००
	नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान	१६५८००.०००
	प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान	०.०००
	प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान	१००००.०००
	प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान	०.०००
जनसहभागिताः		**०.०००**
	नगद सहभागिता	०.०००
	श्रम तथा वस्तुगत सहायता	०.०००
अन्य		**०.०००**
		०.०००
व्ययः		**३७२३२४.८६०**
	चालु खर्च	४७३४९.८६०
	पूँजिगत खर्च	१२८६७५.०००
	नेपाल सरकारबाट प्राप्त विशेष अनुदान	१२५००.०००
	नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान	८०००.०००
